
बौद्ध मासिक

# धर्म चक्षु



विश्व शान्ति स्तुप-पोखरा

# DHARMA CHAKSHU

मूल्य रू. १५/-

Wondershare PDFelement




पोखराको विश्व शान्ति स्तुपमा अवस्थित बुद्धमुर्ति

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly Pokhara, Nepal
वर्ष - ८, अङ्क ६, पूर्णाङ्क - ४२
आश्विन/कार्तिक - २०६२
ने.सं. ११२५ / Oct: 2005

धर्मशिला बुद्ध विहार,
धर्मशिला मार्ग, नदीपुर, पोखरा

**प्रकाशक/प्रधान सम्पादक**
भिक्षु श्रद्धानन्द,
०६१-५२०५१७

**व्यवस्थापक**
अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**
युवा बौद्ध संघ
*(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**
सविता धाख्वा

**सहयोगीहरु**
याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**
सम्पादक: तिलकमान गुभाजू
१४४ - नयाँ बजार, पोखरा - ८
०६१:- ५२०२४६

**मुद्रण**
हिमालय अफ्सेट प्रेस, नयाँ बजार
(यो अंकको प्रकाशन विश्व शान्तिस्तूप समितिबाट भएको हो।)


सम्पादकीय..............................................

## शान्तिस्तूपबाट प्रवाहित सन्देशलाई आत्मसात गरौं

पोखराको गौरवका रुपमा रहेको पुम्दी भुम्दी गाविसको अनदु मीनथुम्कीमा अवस्थित विश्व शान्तिस्तूपमा आज सातौं वार्षिक पूजा संपन्न हुन गैरहेको छ । यो पूजा विशेष किसिमले संपन्न गर्न केही समयदेखि उत्साह साथ काम भैरहेको छ ।

सातौं वर्षमा आइपुग्दा विश्व शान्तिस्तूपमा निर्माणको काम सबै पूरा भएको छ । अब भोली यसको मर्मत सम्भार र संरक्षण के कसरी र कस्तो व्यवस्था गरी गर्ने त्यतातिर सोच्नु पर्ने अवस्था आएको छ। त्यसको लागि स्थानीय सहभागीता सबभन्दा महत्वपूर्ण पक्ष छ। स्थानीय सहभागीता जुटाएर अघि बढ्नु अहिलेको चुनौती हो । यो चुनौतीलाई स्तूप समिति र स्थानीयवासीहरुको आपसी समझदारी र सहकार्यद्वारा सामना गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ ।

विश्व शान्तिस्तूप निश्चय नै शान्तिको प्रतीक हो । यसले निरन्तर शान्तिको सन्देश प्रवाहित गरिरहेको छ । भगवान बुद्धको मैत्री, करुणा र अहिंसाको शिक्षा वर्तमान परिप्रेक्षमा अरु आवश्यक भएको छ । बुद्ध शिक्षाको अभावमा हामी उल्टो दिशा तिर जाँदैछौं र हतियारको भरमा हतियारधारीलाई पराजित गर्ने अभियानमा जुटेका छौं ।

भगवान बुद्धले कहिल्यै कुनै हतियार साथमा राख्नु भएन र कहिल्यै कुनै हतियार उठाएर/देखाएर कसैलाई डर, त्रास र धम्की दिनु भएन । यत्तिसम्म कि कुख्यात डाँकु अंगुलिमाल समक्ष जाँदा पनि उहाँ निशस्त्र जानुभयो। मैत्रीको प्रभावले उहाँले अंगुलीमाललाई सम्झाएर ठिक ठाउँमा ल्याउनु भयो र भिक्षु बनाएर जीवन सार्थक पारिदिनु भयो । मैत्रीको प्रभाव बलवान हुन्छ । अहिंसात्मक कदम सशक्त हुन्छ भन्ने कुरा प्रत्यक्ष देखेका छौं ।

महात्मा गान्धीले अहिंसात्मक आन्दोलन गरेर वृटिश साम्राज्यलाई भारतबाट हटाउनु भयो । सर्वमान्य नेता गणेशमान सिंहको नेतृत्वमा २०४६ सालमा भएको ऐतिहासिक जनआन्दोलनले तीस वर्षदेखि जरो गाडेर रहेको पञ्चायती व्यवस्थाको अन्त गऱ्यो। तैपनि हिंसात्मक संस्कृतिमा विश्वास गर्ने भएकाले अझै हाम्रो विश्वास हतियार तिर नै गैरहेको छ।

बुद्ध शिक्षाको अभावमा हाम्रो मति र बुद्धि बिग्रेको हो। यो कुरा बुझेर हामीले बुद्ध शिक्षाको अनुशीलन गर्नु परेको छ। शान्तिस्तूपबाट प्रवाहित सन्देशलाई आत्मसात गरेर हामीले अगाडि बढ्नु परेको छ र आफ्नो जीवन सार्थक र सफलिभूत पार्नु परेको छ ।



Wondershare PDFelement

# भिक्षु, वर्षावास र जीवन

- भिक्षु सुशील

"जीवन आज परम्परा निभाउने रीत जस्तो, त्यही त्यही दोहोरिरहने पत्यार लाग्दो काम बन्न गैरहेको छ।" साँच्चै के जीवन भन्नु यत्ति मात्र हो र ? जीवनको महत्व बुझ्नेहरु भन्न सक्छ- होइन, जीवनले दिने सन्देश गहकिला हुन्छन् तर त्यसलाई बुझ्न सक्ने चेतना हुनुपर्छ, त्यसको स्वाद चाख्ने क्षमता हुनुपर्छ र त्यस भित्र, भित्र भित्रसम्म पुगेर पर्गेलेर हेर्ने साहस उमार्न सक्नुपर्छ। यी सबैबाट टाढा भएकाहरु जीवनलाई सतह माथिबाट हेरेर थाक्छन् र अनि खुइय सुस्केरा हालेर भन्छ- जीवन आज परम्परा निभाउने रीत जस्तै भएको छ, सँधै त्यही क्रम दोहोरिरहने।

बालककालको अबोधता, युवक अवस्थाको सपना समयचक्रमा विटुलिँदै धरातलको यथार्थ अनुभव गर्ने युवा अवस्थासम्म पुग्दा उ आफूभन्दा अगाडिकाले भन्ने गरे झैं एउटा रेडिमेड भाषा बोल्न थाल्छ- यै, जीवन यस्तै त हो। त्यस भित्र सम्मिलित अचेतन मन बोलिरहेकोलाई उ ठम्याउनै सक्दैन। उ आफै बोलिरहेको नभै उ मात्र बोल्ने साधन बनिरहेको पत्तै पाइरहेको छैन। तर पनि उ बोलिरहेको हुन्छ- जीवन यस्तै हो, परम्परा निभाउने रीत जस्तो।

जीवनलाई परम्परा निभाउने रीतभन्दा बेग्लै अर्थात बुझ्ने चेतना भएकाहरुले समय-समयमा विशिष्ट सन्देश दिने गरेको छ समाजमा-विश्वमा। त्यसलाई पछ्याउनेहरुको लामले पनि एउटा परम्परा बसाल्ने काम गर्दछ र त्यसलाई ज्यूँदै राख्ने प्रयास गर्छ, तापनि कालान्तरमा त्यसको विशिष्टतामा कुहिरो र बादलको मयल चढ्न गै परम्परा निर्वाहको लागि मात्र हुन पुग्छ। यसरी नै बढ्दै जान्छ र पनि जीवनले गति लिइरहेकै हुन्छ। आशा, विश्वास र श्रद्धा जुनकिरी झैं धिपधिप बलिरहेको हुन्छ। यस्तै एउटा विषयको म यहाँ चर्चा गर्न गैरहेको छु।

तथागत बुद्धले आफ्ना अनुयायी प्रव्रजित शिष्यहरु जो निरन्तर घुमन्ते जीवन बिताइरहेकाहरु हुन्छन्, उनीहरुको घुमन्ते जीवनलाई केही समय सुस्ताउन दिन, एकै ठाउँमा भेला भै अनुभवहरु-ज्ञानहरु एक अर्कामा बाँड्न लगाउन जुन व्यवस्था गर्नु भएको थियो, त्यसलाई परम्परागत भाषामा वर्षावास अथवा वर्षाकालीन वास भनिएको छ। यसको व्यवस्था अघिल्लो पुर्खाको अनुभव ज्ञानबाट पछिल्लो पुर्खा लाभान्वित बन्ने अवसर पाउन गरिएको हो। लामो समय एउटै थलोमा रहँदा बस्दा व्यक्तिको पहिचान गर्न सजिलो हुन्छ, आफू वरिपरिका मानिसहरुको भलो हुने केही काम गर्न पनि सकिने हुन्छ।

आकाशचारी पंक्षी स्वतन्त्र गमन गर्ने प्रव्जितको कुनै स्थायी ठेगाना नहुनु नै वेश, तेरो मेरोको भावना उत्पन्न गराउने, रागजनित चेतना उत्पन्न गराउने कुराहरुमा न अल्झनु नै वेश। यसैले भिक्षुको कुनै निजी आवास नहुने, कुनै कुल, वंश गोत्रसँग आवद्ध भै सिमाको बन्धन भित्रको कैदी नहुने। ऊ सर्वत्र गमण गर्छ र सबैका लागि उत्सर्गीय भावनाले काम गर्छ, बाँच्छ। हरेक समय जीवनको पक्षमा उभिएर जगतलाई बुझ्दै परिवर्तनशील विश्व विधान ठम्याउँदै मानिस भित्रको विद्यमान उर्जालाई सामुदायिक र सामयिक भलाइका निम्ति खर्च गर्दै रहने छ। यस्तो कृयामा लागिरहँदा हुने निरन्तरको व्ययलाई पूर्ति गर्न निश्चित समय (आषाढ पूर्णिमा देखि कोजाग्रत पूर्णिमाको अवधिसम्म) एउटै थलोमा बसी पुनः तन्दुरुष्टी प्राप्त गर्न, आफ्ना कामहरुको स्वः मूल्याकंन गर्न र आफै परीक्षण गरि हेर्न तथागतले भिक्षुहरुलाई वर्षावासको व्यवस्था गर्नु भएको थियो। जसलाई अद्यापी निर्वाह गरिदै आएको छ। भिक्षुहरुलाई मात्र प्राप्त हुने यो सुन्दर अवसरले निश्चिन्त अवस्थामा पुग्न उत्प्रेरित गर्दछ। भिक्षु जीवनको दीक्षा लिएको साकार बनाउन प्रयत्नरत भिक्षुको एउटै मात्र उद्देश्य हो संस्कारमुक्त अवस्थामा पुग्नु। त्यसैले यो भनिएको हो- संखार भयं इक्खति ति भिक्खु। संस्कारको भयबाट मुक्त व्यक्ति

अर्थात भिक्षु।

समयक्रममा शब्दको रुप वदलिन्छ, खिया लाग्छ र त्यसले अन्य अर्थपनि दिन जान्छ। यस्तै शब्द हो संस्कार ! आजको प्रचलित भाषामा संस्कारले बुझाउने अर्थ र तथागत बुद्धले बताउनु भएको संस्कारको अर्थ एउटै होइन तापनि रुपमा साम्यता छ भन्न सकिन्छ। वर्तमान भाषामा संस्कार भन्नासाथ परम्परागत रुपमा गरिंदै आएको व्यवहार जुन समुदाय विशेषसँग जोडिएको विशिष्टता भन्ने बोध गराउँछ। तथागत बुद्धले पनि निरन्तर रुपमा पछ्याउँदै आइरहेको विशिष्ट स्वभाव बुझाउनकै लागि संस्कार (संखार) शब्द प्रयोग गर्नु भएको थियो तर समुदाय विशेषमा सीमित नभएको सम्पूर्ण मानव साम्य विशेपता बुझाउन। यसरी अर्थगत हिसाबले भिन्नताबोध गराइरहेको संस्कार र संस्कारले आजको व्यावहारिक जीवनलाई परिचित गराउने संस्कार र बुद्धधर्मले बुझाउने संस्कार अर्थको हिसावले भिन्न यसकारण पनि छ कि एउटालाई छोड्दा पनि जीवनले गति लिइरहेकै हुन्छ, समस्यामा अल्झिरहेकै हुन्छ, पर तन्त्रको बन्धनमा फँसिरहेकै हुनेछ र अर्को संस्कारलाई छोड्न सकेमा, त्यसको प्रभाववाट मुक्त हुन सकेमा, सम्पूर्ण वन्धन जसले मानिसलाई एक समस्यावाट अन्य अनेकौं समस्यामा फँसाइरहेका छन् सोवाट पार पाउन सक्छ अर्थात ऊ जीवन-मृत्यु र पूनर्जन्मको वन्धनवाट स्वतन्त्र हुन्छ। स्वतन्त्रताको, उन्मुक्तिको चाहनाले नै मानिस नौला-नौला संस्कार कर्मकाण्डलाई जन्म दिने गर्छ। हाम्रो व्यावहारिक जीवनले पनि यही भन्छ। आफैले जन्माएको संस्कारले थिचिएर मानिस छटपटिने हो तापनि संस्कार रक्षा गर्नु पर्छ भन्ने अलाप गर्दै समस्या माथि अन्य समस्या थपुवा गर्ने काम पनि मानिस गर्छ। जीवनले भोगीरहेको समस्या समाधान गर्नका लागि सिर्जना गरेको संस्कारले अन्य समस्याका लहरहरुलाई जन्माउँदै पनि जान्छ। यो समस्या आजको मात्र होइन, मानव जीवन अस्तित्वमा आएको समय देखिको हो। तथागत बुद्ध आफु स्वयं त्यस समस्यावाट मुक्त भैसकेपश्चात उन्मुक्तिको चाहना राख्नेहरुलाई भन्नु भएको हो- संस्कार भयवाट बच्न प्रयत्नशील होऊ। संस्कार, अर्थात उद्देश्य र आचरणमा असंगत अवस्था संस्कार, अर्थात समस्या समाधानका लागि प्रयत्न गर्दा अपनाउनुपर्ने क्रमबद्धतामा हुने विशृङ्खलता। संस्कार अर्थात कर्म र कर्मफल सम्बन्धमा हुने अचेतनावस्था। संस्कार, अर्थात विपल्लास र सम्मोहको अवस्था। उपर्युक्त सबैको जननी हो आफ्नो अवस्था, क्षमता र विशिष्टताको पहिचान गर्न नसक्ने अज्ञानता।

वर्षावास समाप्तिको अवसरमा सुनाइँदै आएको कथा (घटना) ले सुस्पष्ट भन्छ-जीवन्नलाई सँधै दोहोरि रहने रितको रुपमा नलिने चेतनाले संस्कार मुक्त बाटो पहिल्याउँछ। घटना यस प्रकारको छ - एक समय बैशालीका ३० युवाहरु जो कुलीन परिवारका थिए आ-आफ्ना जोडीका साथ बनभोज गै मनोरञ्जन गर्ने निधो गर्दा एक अविवाहितका लागि भाडाको युवती नगरबधु लगेका थिए। खानपानमा रमाएका ती युवाहरुको मस्ती अवस्थाबाट फाइदा उठाइ उनीहरुका बहुमूल्य सम्पत्ति पोको पारी सुइँकुच्चा ठोके उनीहरुले भाडामा ल्याएकी नगरबधु। पछि होशमा आउँदा बहुमूल्य सम्पत्ति र नगरबधुको उपस्थिति नपाउँदा उनीहरु खोजीमा निस्के। बाटामा तथागतलाई भेट्दा सोध्न पुगे- भन्ते ! यो बाटो हुँदै कोहि एक युवती गएको देख्नु भएको छ ? प्रत्युत्तरमा तथागतले उनीहरुलाई नै प्रश्न गर्नुभयो - किं सेट्ठो राजकुमारो पस्सतं अत्तं वा इत्थिं ? अर्थात, राजकुमारहरु ! तिमीहरुले जसलाई खोजी गरीरहेका छौ, त्यो स्त्रीलाई भेट्टाउनुमा तिमीहरुको कल्याण छ अथवा आफुलाई आफैले बुझ्नमा तिमीहरुको कल्याण छ ? यो घटना नै उनीहरुका लागि स्वतन्त्रताको द्वार खोल्ने अवसर बन्न पुगेको थियो। पछि तथागत बुद्धवाट दीक्षा प्राप्त गरेका ती ३० युवाहरु जो तिसं भद्रवर्गीय भिक्षुहरुको नाउँबाट विख्यात हुन पुगे, जीवन मृत्युको रहस्य थाहा पाउन सफल व्यक्ति अर्हत हुन पुगेका थिए।

सानो घटनाले पनि जीवनमा विराट प्रभाव उत्पन्न गर्छ, क्षणिक अवधि नै पर्याप्त छ मुक्तिको द्वार खोल्न। क्षणिक क्षणिकम् अर्थात क्षण-क्षणका, अणु-अणुको सामूहिक उपस्थिति नै जीवन हो। जीवनका हरेक क्षण उर्जा सम्पन्न छ, हरेक क्षण मुक्तिको द्वार उघार्न सम्भव छ भनि सिकाउने बुद्धधर्मले यसैले भन्छ- प्रयेक

क्षण होशपूर्वक बाँच्न सिक ! यहि मार्गमा अग्रसरीत भै पुन: तन्दुरुष्ट बन्न, आफूले आफैलाई बुझ्न, आफ्नो कर्मको मूल्यांकन गर्न वर्षावासको परम्परा पछ्याउँदै आइरहेका छन् । र म यस पटक, सुन्दर नगर पोखराको अनदु डांडा स्थित विश्व शान्ति चैत्यमा सोहि प्रयोजनका लागि आएको थिएँ । सहयोग दिने अग्रज भिक्षु श्रद्धानन्द, विश्व शान्तिस्तूप परिवार, धर्मशीला बुद्ध विहार परिवार, र यहांका उपासक उपासिकाहरुको उदार र सहयोगी व्यवहार प्रति कृतज्ञ छु ।

आफ्नो मनको शल्यक्रिया गरी परम आरोग्य अवस्थामा पुग्न सुन्दर नगर पोखरामा वर्षावास बस्न आएको म शारीरिक आरोग्यताको अवस्थामापुग्न सघाउने डाक्टर प्रदीप घिमिरेज्यूको हातबाट शल्यक्रिया गराइ फर्कदैछु ।


पोखराको विश्व शान्ति स्तूपमा
२०६२ कार्तिक १२ गते आयोजना गरिने

सातौं वार्षिक पूजा समारोह

भब्यताका साथ सम्पन्न होस्

यही हाम्रो हार्दिक शुभकामना छ ।

HOTEL FEWA PRINCE PVT.TD.
Kundhar, Pokhara
Tel: 524701 Fax: 524881
E-mail: fprince@cnet.wlink.com.np

कास्की जिल्लाको पुम्दी भुम्दी गाविस वडा नं १ मीन थुम्कीमा अवस्थित
विश्व शान्ति स्तपूमा वार्षिक पूजा समारोहका लागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

कामधेनु डेरी उद्योग प्रा.लि.
रामेश्वर मार्ग, विरौटा, पोखरा-१७,

दही, दुध, मखन र दुधबाट उत्पादित अन्य सामानहरु पाइन्छ ।

# हिमाली भेगमा प्रचलन भइ आएको बौद्ध धर्मको विकासमा नेपालमण्डलका बौद्ध व्यक्तित्व र कलाकारहरूको योगदान

*- लोचावा पुण्य प्रसाद पराजुली*

## विषय प्रवेश

भगवान बुद्धका उपदेशहरु हिमाली भेगमा पुऱ्याउन नेपाल मण्डलका वौद्ध आचार्य तथा कलाकारहरुले अविस्मरणीय भूमिका निभाएको पाइन्छ। नेपालको लुम्बिनी उपवनमा जन्मनु भएका भगवान शाक्यमुनि बुद्धको अमृतमय उपदेशहरु एशियाभर फैलने क्रममा तिब्बत लगायतका हिमाली भेगमा पुऱ्याउन नेपालले दुई किसिमले सहयोग पुऱ्याएको पाइन्छ। नेपालीहरु आफैं तिब्बत गएर बौद्ध धर्म प्रचार गर्ने, र काठमाण्डू उपत्यका आएका तिब्बतीहरुलाई सिकाउने गरेर वौद्ध धर्म र कला हालसम्म हिमाली क्षेत्रमा कायम राख्न सहयोग गरेका छन्। यस लेखमा तिब्बतमा वौद्ध धर्मको स्थापना, विस्तार र संवर्द्धनमा सहयोग पुऱ्याउने बौद्ध व्यक्तिहरुको सिलसिलेवार अध्ययन प्रस्तुत गरिन्छ।

## तिब्बतमा बौद्धधर्मका संस्थापक मध्येकी भृकुटी (ठिचुन)

तिब्बतका धर्मराज स्रङचेन गम्पो (सन् ६१७-६४९) का प्रमुख रानीहरु मध्ये एक नेपाली राजकुमारी भृकुटीले तिब्बत जांदा आफ्नो साथमा अक्षोम्य वज्र, मैत्रेय र चन्दन निर्मित तारा मूर्ति लगेकी थिइन्। थुप्रै नेपाली कलाकारहरु पनि साथमा लगेकी थिइन। त्यस वेला पहाडमा अवलोकितेश्वर, खसरपाणी तथा हयग्रीव देखा परेका थिए, जसलाई नेपाली कलाकार हरुले बुद्ध मन्दिरको भित्तामा चित्रित गरे। नेपाली कलाकार ठेवा (खेवा) ले सम्राट स्रङचेनगम्पो जत्रै ११ वटा अवलोकितेश्वरको मूर्तिहरु वनाएका थिए। पछि यसलाई नेपाली निर्माण शैली (भाल्सो) भन्न थालियो। एक हजार कोठाको लालप्रासाद वनाउंदा नेपाली डकर्मी, सिकर्मी र चित्रकारहरुको सहयोग लिएका थिए।

तिब्वतका ग्रन्थ अनुवाद गर्ने क्रममा नेपाली आचार्य शील मञ्जुको महत्वपूर्ण स्थान छ। राजा स्रङचङ गम्पोले वौद्ध धर्मका पुस्तकहरु तिब्बती भाषामा अनुवाद गराउने क्रममा भारतवाट कुसर र ब्राम्हण शंकर, नेपालवाट शीलमञ्जु र चीनवाट हासाङमहादेव वोलाइएका थिए। त्यस क्रममा नेपाली रानी भृकुटी आचार्य शीलमञ्जु र कुसरीकी दायिका वनिन भने शीलमञ्जुकी दोभाषे पनि बनिन। (माणि काबुम उत्तर खण्ड पृ. ४१५-४२८)

## नेपाली आचार्यहरु वसुधर र शीलमञ्जु

हुन त आचार्य शीलमञ्जुलाई स्रङचेन गम्पोका समकालीन विद्वान र वसुधरलाई नवौं शताब्दीका नेपाल राजा मान्ने प्रचलन छ तैपनि यहां गुरु पद्मसंभवको जीवनी पेमा काथाङको आधारमा यी दुवै विद्वानहरुलाई पद्मसंभवका समकालीन आचार्यहरुको रुपमा प्रस्तुत गरिन्छ।

उर्गेनलिङ्पा (सन् १५१४-१५४५) ले निधिग्रन्थको रुपमा प्रकाशमा ल्याएको पेमा काथाङको ५९ औं सर्ग अनुसार महा ओडियान गुरु नेपालमा तीन महिना रहनु भयो र नेपाली वसुधर आदिलाई हित गरेर 'ए' विहारमा निधि राख्नु भयो। (पृ. ३५७) त्यस्तै साम्ये गुम्वा वनाइसके पछि अनुवाद गर्ने क्रममा विदेशका पण्डित झिकाउने क्रममा भाल्पो शीलमञ्जु र वसुधर को नाम भारतीय आचार्य पछि छ। (पृ. ४७२) ८४ औं सर्गमा नेपाली महापण्डित शीलमञ्जु र नेपाली वसुधर आदि तथा लोचवा डाग्पा साङ्गे येशेले मञ्जुश्री यमानत चन्द्रगुह्य कृष्ण लगायतका यमारीका विविध तन्त्रहरु अनुवाद गरे (पृ. ४९५)

शीलमञ्जुलाई वज्र कील परम्परा अनुसारको वज्र कील पूजा विधिमा 'भाल्पो शीलमञ्जुई, माण्डालाई खार्कोमधुजितार ताक न्यलाम घी, फर्व

डुब्च्यी भ्यालाग्धु' भनेर स्तुति गरिएको छ। त्यस्तै दुज्योम रिन्पोछे विरचित न्यीङमापाको इतिहासमा भाल्पो शिलमञ्जुले ढाकार कोङचेनमा आफ्नो किलद्वारा पुरै डाँडो धुजा धुजा वनाए भनिएको छ (पृ. ७१४) यसरी जुन कालका भएपनि शीलमञ्जुको तिब्वतमै गएर बौद्धधर्म फैलाउनमा ठूलो भूमिका छ। उनलाई पद्मसंभव र विमलमित्रकै समान दर्जा दिइएको छ। यी तीनलाई 'लोव्योन नामसुम' भनिन्छ।

अर्का नेपाली आचार्य वसुधरलाई नेपाली राजा भनेर प्रस्तुत गरिएको छ (दुज्म्योम पृ. ६१०) तिब्वतमा यमान्तक अभ्यासको शुरुवातकर्ता नुव्छेन साङ्गे येशे (सन् ८३२-८८५) मा ५४ वर्षको उमेरमा नेपाल आइ वसुधरबाट मञ्जुश्री यमान्तकको अभिषेक र उपदेशहरु लिए। वसुधरकै निर्देशनमा प्रकाशालंकार नामक गुरुसंग अन्य विद्या सिक्न भारत गए। नुव्छेनका एघार गुरुहरु मध्ये चार जना गुरु (श्री सिंह, कृष्ण हेरुक, शान्तिगर्भ र नेपाली वसुधर) मूल थिए। ती चार मध्ये पनि सबभन्दा मुख्य उपदेश नेपाली वसुधरबाट पाए। यस्तै अनुयोग तन्त्रको समुच्चय सूत्र (दुपे दो) परम्परा धर्मबोधि र वसुधर मार्फत तिब्वत गयो। महायोग अन्तर्गतको यमान्तक परम्परा र अनुयोग तन्त्रको समुच्चय सूत्र परम्परा तिब्वतमा फैलाउनमा वसुधरको ठूलो भूमिका छ। उनले यमान्तक विषयमा लेखेका ग्रन्थहरु तिब्वती अनुवादमा अहिले पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन्।

## साम्ये गुम्बा निर्माणमा नेपाली संलग्नता

सन् ७७९ मा निर्मित तिब्वतको पहिलो गुम्वा (विहार) साम्येको निर्माणमा नेपालका वासु र चीका लाङचाङ नाइके थिए। साम्येको दक्षिण पट्टिको आर्यपालो मन्दिरको निर्माण पनि नेपाली कालीगढले गरेका थिए। (वाशे पृ.....) त्यस्तै राल्पाचेन (जन्म सन ८०५, राज्यकाल ८१५-८३६) ले नेपाली दुङ्गे मुर्तिकार झिकाएर ल्हासा नजिकैको उसाङदो विहार वनाएका थिए। तीन प्राचीन राजा स्रङचेन गम्पो, ठिसोङ देसेन र राल्पाचेनको पालामा वनेका विहार, मन्दिर र दरवारहरुमा नेपाली डकर्मी, सिकर्मी, चित्रकार र मूर्तिकारको महत्वपूर्ण भूमिका छ।

## बहुचर्चित नेपाल फम्थिङपाको योगदान

हालको फर्पिङलाई प्राचीन कालमा फम्थिङ भन्ने चलन थियो। त्यहाँ धेरै बौद्ध गुरुहरु थिए जसलाई चलन चल्ती फम्थिङपा भनिन्थ्यो। विशेष गरी भारतीय महासिद्ध नारोपाका चेलाहरु मध्ये वागीश्वरकीर्तिलाई पनि फम्थिङपा भन्ने चलन छ। नौ बर्षसम्म नारोपासँग अध्ययन र अभ्यास गरेका उनी चक्रसंवर, कालचक्र , हेवज्र, चतुपीठ आदि तन्त्रका ज्ञाता र साधक थिए। उनले शुरुमा ख्युपो नालज्योर (सन् ९९०-....) नामक तिब्वती सिद्धलाई संवर मूल तन्त्र र चतुः पीठ तन्त्र पढाएका थिए। ख्युङपो नाल्ज्योर (गरुड योगी) नेपालमा शुरुमा पण्डित वसुमतिसंग भाषा सिक्न आएका थिए। (BA ७२९) तिब्बतमा हाल प्रचलित शाङपा काग्यु परम्पराका संस्थापक ख्युङपो नालज्योर का १०० भन्दा बढी गुरुमा नेपाली फम्थिङपा एक प्रमुख गुरु हुन्।

त्यस्तै फम्थिङपाले मार्पा दोपालाई नारोपाका विधिहरु, खानेफुवालाई कालचक्र र चतुः पीठका तन्त्रहरु, अनुवादक लोक्या शेराव चेगलाई चक्रसंवर तन्त्रहरु, सेछा सोएनाम ग्याल्छेनलाई हेवज्र र अन्य तन्त्रहरु सिकाएका थिए। हाल तिब्वतको साक्या र गेलुग परम्परामा अत्यधिक लोकप्रिय नारो खेचरी अभ्यास यिनै फम्थिङपा मार्फत तिब्वत पसेको हो। फम्थिङपाका दाइहरु वोधिभद्र र धर्ममति थिए भने भाइहरुमा कालचक्रपाद र थाङछुङ्वा थिए। धर्ममति नारोपासँग १२ वर्ष अध्ययन गरेका थिए भने कालचक्रपादले ५ वर्ष अध्ययन गरेका थिए। कान्छा भाइ थाङछुङ्वाले पनि नारोपासँग १२ वर्ष अध्ययन गरेको थिए भने कालचक्रपादले ५ वर्ष अध्ययन

गरेका थिए । कान्छा भाइ थाङछुङ्वाले पनि नारोपावाट अभिषेक र केही उपदेशहरु पाएका थिए । आङ्पाको नामले प्रसिद्ध फम्थिङपा चीनको पंचशिर्ष पर्वतको तीर्थयात्रा गरेर नेपाल फर्कदा दिवंगत भएका थिए । उनको र उनकी चिनीयाँ प्रज्ञाको अस्थिधातु लोग्या दुन (चीया थुन) देम्छोग राङजुङ नामक चक्रसंवर तीर्थमा राखिएको छ । जसलाई तिब्बती र चिनियाँ दुबैथरीले आदर गर्छन । (पृ.२२७ BA)

## तिब्बती अनुवादकहरुलाई सहयोग

तिब्वतका प्रसिद्ध अनुवादकहरु मार्पा, डोग्मी, रा लोचावा, ङोग, लोदेन शेराब, छ्याग लोचावा धर्मस्वामी, मार्पा दोपा आदिको अनुवाद गतिबिधि नेपाल मण्डलमै भएको पाइन्छ । प्रसिद्ध योगी मिलारेपाका गुरु मार्पा ल्होडाक्पा (सन् १०१२-९६) कमसेकम ६ पटक काठमाण्डौ आएका थिए। पहिलो पटक हिमाल पार गरेर आउँदा उनी स्वयंभू क्षेत्र र रिन्छेन छुल नामक बिहारमा बसेका थिए। भारतीय महासिद्ध नरनेपाका २ नेपाली शिष्यहरु च्वीथेरपा र पौण्डिपाले धर्मोपदेश दिएका थिए । पैण्डिपाले नै मार्पालाई नारोपाको निवास्थान भारतको फूलाहारी सम्म पुऱ्याएका थिए । हादु कार्पो र येराङवा (पाटने) नाम गरेका २ नेपाली आचार्यहरुसँग पनि मार्पाको घनिष्टता थियो। तिब्वतमा हाल प्रचलित काग्यु परम्पराका संस्थापक मार्पाको अनुवाद कार्य र तिब्वतमा बौद्ध धर्मको प्रचार प्रसारमा नेपाली बौद्ध आचार्यहरुको महत्वपूर्ण योगदान छ ।

तिब्वतमा शाक्य परम्पराको संस्थापक मध्येका एक डोग्मी लोचावा (सन्९९३-१०७४) काठमाण्डौ आएर शान्तिभद्र (ज हुँ) सँग संस्कृत र वज्रयान ग्रन्थहरुको अध्ययन गरेका थिए । यी शान्तिभद्रले अतीशका सहयोगी ङाग्छो छुल्ठिम ग्याल्वा र आसु नामक भारतीय कूलका आचार्यलाई पनि वज्रयान पढाएका थिए । यी आसु तिब्बत गएर बिवाह गरी सात सन्तान जन्माएका थिए । (BA ८६१)

तिब्वतका अर्का प्रसिद अनुवादक मार्पा दोपा छोक्यी वाङछुगलाई नेपाली आचार्य कामश्रीले नारोपाका षडयोग सिकाएका थिए । त्यस्तै अर्का नेपाली ब्राम्हण कृष्णपा (शान्तिभद्रका चेला) ले पनि मार्पा दोपालाई पढाएका थिए । कनकश्रीका चेला पाटनका उपासक महाकरुणाले प्रसिद्ध तिब्वती अनुवातक माल्यो लोडो डाग्पा, रा लोचावा दोर्जे डाग (वज्रकीति) र लोचावा तानाग खुग्पा ल्हे चेलाई विभिन्न तन्त्रहरु पढाएका थिए। महाकरुणा त रा लोचावाको अनुरोधमा तिब्वत पनि गएका थिए ।

पाटनको आचार्य येराङ्वाले खान्फुवा (सन् १०६९-११४४) लाई मैत्रीपाको ध्यान विधिहरु सिकाएका थिए। खोन्फुवाको अन्य नेपाली गुरुहरुमा फम्थिङपा र मोहन वज्र थिए। अर्का प्रसिद्ध नेपाली आचार्य हामु कार्पोले तिब्बती अनुवादकहरु कुङगा दोर्जे, ङोग लोदेन शेराव, नुब्तोन, खुनेछो आदिलाई बौद्धधर्म पढाएका थिए । अर्को नेपाली आचार्य कायश्रीले पनि कुन्गा दोर्जेलाई नाम्खा कोर्सुम विषयक ग्रन्थ ५० सुनौला स्राङ लिएर पढाएका थिए । खोन्फुवाका छोरा ग्यीजो लोचावा दावा होसेर पनि नेपाल आएर कालचक्र तन्त्रका उपदेशहरु लिएर तिब्बतीमा अनुवाद गरेका थिए। (BA ८४६)

नेपाली उपासक विद्वान रविन्द्रले धर्मस्वामी (सन् ११९६-१२६४) लाई पढाएका थिए। समन्तश्री नामक पाटनका विद्वानले लुव लाइ कालचक्र तन्त्र पढाउनुका साथै रा लोचावा दोर्जे डागका भतिजा छोराको निमन्त्रणामा तिब्वत गएका थिए। चोभार क्षेत्रका एक भारोले रा लोचावालाई यमान्तक तन्त्रको अभिषेक र उपदेश दिएका थिए । भुतोन (सन् १२९०-१३६४) का गुरु न्यीमा ग्याल्छेनले पाल साङपोले काठमाण्डौमै सिंहली विद्वानको सहयोगमा पाली भाषावाट १३ वटा परित्राण सूत्रहरु तिब्वती भाषामा अनुवाद गरेका थिए। (भुतोन पृ २२४)

१०८ ठेली भएको काङ्युर (बुद्धवचन अनुवाद) र २२५ ठेली भएको तेन्युर (बौद्ध शास्त्र अनुवाद) मा संस्कृतबाट अनुवाद भएका बौद्ध ग्रन्थहरुको अनुवादमा थुप्रै नेपाली आचार्यहरुले प्रत्यक्ष रुपमा सहयोग गरेको पाइन्छ। ईशाको चौधौं शताब्दीसम्ममा थुप्रै नेपाली बौद्ध विद्वानहरुले नेपालमै बसेर तथा आफै तिब्बत गएर बौद्ध ग्रन्थहरुको अनुवाद र निर्देशनमा प्रत्यक्ष सहयोग गरेका छन् जसको फलस्वरुप नेपालको हिमाली क्षेत्रमात्र नभई तिब्बत, भूटान, सिक्किम, लद्दाख, मंगोलिया, आदि क्षेत्रमा बुद्धका उपदेशहरु हालसम्म पनि जीवन्त रहिरहेका छन् ।

## मध्य र आधुनिक कालमा नेपाली कलाकार हरुको योगदान

तिब्बतमा बौद्ध धर्मको विकाससँगै बौद्ध कलाको पनि समानान्तर विकास भयो । तिब्बतका प्रसिद्ध गुम्बाहरुमा नेपाली कालीगढको सहभागिता अपरिहार्य मानिएको पाइन्छ । तेह्रौं शताब्दीमा अरनिकोबाट शुरु भएको यो व्यापक सहभागिता हालसम्म पनि कायमै छ । तिब्बतमा प्रचलित नेपाली, चिनियाँ र काश्मीरी शैलीहरु मध्ये नेपाली शैली अग्र पंक्तिमा छ। तिब्बत मात्र नभई भुटान, लद्दाख, डोल्पा, मुस्ताङ्ग (लो मान्थाङ्ग) आदि क्षेत्रका कालीगढहरु नेपाली रहेको पाइन्छ ।

## कलाकार अरनिकोको योगदान

तिब्वतका पहिलो भिक्षु शासक छोग्याल फागपा (सन् १२३५-८०) को निमन्त्रणामा ८० जनाको नेपाली कालीगढहरुको नेतृत्व गर्दै अरनिको (सन् १२४५-१३०८) शुरुमा तिब्बतको साक्या गए। सन् १२६० मा कुब्ला खाँ चीनको सम्राट भएपछि साक्या गुम्बाका मठाधीश छोग्याल फाग्पालाई आफ्नो साम्राज्यको राज गुरु बनाए। कुब्लाइ खाँ कै इच्छानुसार फाग्पाले अरनिको टोलीलाई साक्या गुम्बामा बोलाएर थुप्रै मूर्ति बनाउन लगाए। त्यसपछि चीन गएर शाङ्तु र तातुमा रहेका बौद्ध बिहारहरुमा धातुका मूर्तिहरु बनाए। त्यो कार्यबाट खुश भएर सम्राटले सन् १२७४ मा कास्यकलाका निर्देशक सन् १२७८ मा राजकीय मूर्ति नियन्त्रक भए। सन् १३०६ मा उनको मृत्यु त लियाङ्का ड्युक भनेर सम्बोधन गरियो । (पेटेक पृ. १०१)

अरनिकोको टोलीले श्वेत पैगोडा लगायत १८१ मूर्तहरु बनाए। त्यसको साथै ल्हासाको जोखाङ्को बुद्ध मूर्तिको प्रभा पन बनाए । अठारौं शताब्दीका मंगोलियन विद्वान गोएन्पो क्याव (सन् १२६०-१७५०) ले लेखेको मूर्ति विज्ञानको परिचय खण्डमा अरनिकोको प्रभाव चीनमा धेरै समय रह्यो र हालसम्म पनि कायम छ लेखिएको छ । (पेटेक पृ.१०१)

## अन्य कलाकारहरुको योगदान

पश्चिम तिब्बतको पुराङ क्षेत्रको खोचरनाथमा रहेको अनुवादक मन्दिरमा रहेको आठ फीटको मञ्जुश्री र सात/सात फीटका षडाक्षरी र बज्रपाणीका मूर्तिहरु नेपाली मूर्तिकार अश्वधर्म र काश्मीरी बङ्गुल मिली बनाएका हुन्। (टुची पृ. २७४) एघारौं शताब्दीमा बनेको उक्त मन्दिरको आगलागी पछिको पुनर्निर्माण पनि नेपाली कलाकारहरुलाई नै बोलाएर सन् १८९९ मा गरियो । ङोर गुम्बाका संस्थापक कुन्गा साङपो (सन् १३८२-१४४४) ले सन् १४२९ मा बनाएको बिहारको भित्ता रङ्गाउने ५ नेपाली कलाकार मध्ये आखेराजको नाम छ । (टुची पृ. २७७) प्रथम दलाई लामा (सन् १३९१ -१४७५) ले नेपाली कलाकारहरु निपूर्ण र कम खर्चिलो भएकाले तिब्बत बोलाएका थिए । (वेल पृ. १०५) सन् १४४५ मा बनाइएको शिगार्चेको मैत्रेय विहारमा २ मूर्तिहरु नेपाली मूर्तिकारले बनाएका थिए। (दाग्याव पृ.३६)

सन् १५६५ मा डोल्पाको एकतले मैत्रेय मूर्ति बनाउन नेवार कलाकारहरुलाई बोलाइएको थियो।

(स्नेलग्राभ पृ. १८०) त्यस्तै डोल्पाकै लाङ गुम्बाका मूर्तिहरु नेपाल मण्डलकै मूर्तिकारहरुले वनाएका थिए। लोमान्थाङको ज्याम्पा गुम्बाका भित्ते चित्रहरु पनि काठमाण्डौंकै कलाकारहरुले वनाएका थिए। (गुरुङ्ग पृ. १००)

सोह्रौं शताब्दीमा नेपाली कलाकारहरु काश्मीर पनि गए। त्यहाँका चाम्बामा रहेका मूर्तिहरुको विश्लेषण गरेर गोएजले यो निष्कर्ष निकालेका छन्। (गोएज पृ. ८४) भुटानमा श्याब्डुङ नावाङ नाम्ग्यालले सन् १६१६ मा नेपाली कलाकारहरुलाई भुटान झिकाइएको थियो। (आईुसी पृ. २४५-४६) त्यसपछि लगातार नेपाली कलाकारहरु हालसम्म पनि भुटानमा सक्रिय छन्।

वौद्ध धर्म मात्रै हैन वौद्ध कलालाई पनि तिव्वत भाषी क्षेत्रहरुमा फैलाउनमा नेपाल मण्डलका दक्ष कलाकारहरुको महत्वपूर्ण योगदान रहेको छ।

### सन्दर्भ ग्रन्थ सूचि


१. गुरुङ्ग, जगमान र शर्मा, प्रयागराज: मुस्ताङको साँस्कृतिक सम्पदा: नेपाल र अनुसन्धान केन्द्र: २०५६

२. गम्पो, सङ्चेन: मणि कावुम (धर्मशाला संस्करण) भारत: १९७५

३. लिङपा, उर्गेन: पेमा काथाङ: सिठोन मिरिग पेटुनखाङ, चीन: १९९३



बौद्धहरुको धैर्य, सहनशीलता र लगनशीलताका प्रतीक

**पोखराको विश्व शान्ति स्तूपमा**

२०६७ कार्तिक १२ गते आयोजना हुने

**सातौं वार्षिक पूजा समारोह**

सफलतापूर्वक सुसम्पन्न होस्

यही हाम्रो मंगलमय शुभकामना छ।







*Kaji Bahadur Shakya* *Sumedha Shakya*

JATAK TOURS & TRAVELERS (Pvt.) Ltd.

Manbhawan-5, Patan, Lalitpur, Nepal

Tel: 00977-1-523493, 223866(O), 242765(R)
Fax: 00977-1-541272, P.o. Box:10949

# चैत्यः त्यसको प्रतीकात्मक स्वरूप

- रोशनी शाक्य
पाटन

चैत्य र स्तूपको उत्पत्ति धैरै पहिले भएको देखिन्छ। बौद्ध साहित्यमा वर्णन गरिए अनुसार बुद्धको महापरिनिर्वाण हुनु भन्दा अगाडि आनन्दले भगवानसँग भविष्यमा उनको पूजा वा स्मरण कसरी गर्ने भन्ने प्रश्न गरेका थिए। यस प्रश्नको उत्तरमा बुद्धले जसरी पहिलेका चक्रवर्ती सम्राटहरुको चौबाटोमा समाधी माथि चैत्य बनाइय्यो, त्यस्तै प्रकारले आफ्नो अवशेष माथि चैत्य बनाउने उपदेश दिएका थिए। यस कथनको आधारमा बुद्धको समय भन्दा पहिले पनि चैत्य वनाइय्यो भन्ने देखिन्छ। तर बुद्धको महापरिनिर्वाण पछि चैत्य वनाउने परम्परा बौद्ध समाजमा लोकप्रिय भएको वुझिन्छ।

बुद्धको महापरिनिर्वाण पछि वर्तमान नेपाल र उत्तर भारतका विभिन्न शासकहरुले उनको अस्थि माथि दावी गरे भन्ने कुरा बौद्ध साहित्यबाट थाहा पाइन्छ। यिनीहरुमा मगधका राजा आजातशत्रु, रामग्रामका कोलीयहरु, बैशालीका लिच्छविहरु, पावाका मल्लहरु, अल्पकप्पका वुलीहरु, कुशीनगरका मल्लहरु, वेदपीठका ब्राम्हण तथा कपिलवस्तुका शाक्यहरु थिए। यी शासकहरुको आपसी कलहले युद्धको वातावरण सिर्जना भयो। अन्तमा द्रोण नामक ब्राम्हणको प्रस्तावमा सम्पूर्ण अस्थि अवशेपलाई आठ भागमा विभाजित गरियो। उपर्युक्त शासकहरुले आ-आफ्नो राज्यमा पवित्र अस्थि अवशेप माथि चैत्य निर्माण गरे। यी चैत्यहरु प्राचीनतम् हुन् र वौद्धहरुको परम पवित्र र पूज्य वस्तु मानिन्छन्।

वौद्धधर्मको इतिहासमा तेस्रो शताब्दी ई.पू. का मौर्यवंशी सम्राट अशोक (ई.पू. २७६-२३६) र प्रथम शताब्दी ईश्वीका कुपाणराज कनिष्कको ठूलो स्थान छ। अशोकले वौद्ध धर्म र दर्शनका विभिन्न पक्षहरुका साथसाथै चैत्यपूजाको विकासमा ठूलो योगदान पुऱ्याए। बौद्ध परम्परा अनुसार अशोकले आफ्नो विशाल साम्राज्यमा ८४ हजार चैत्यहरु निर्माण गरे। यस कामको लागि यिनले बुद्धका अस्थि अवशेष माथि बनाएका आठ मूल चैत्यहरु मध्ये सातवटा अस्थि अवशेष निकाल्न लगाएका थिए। पारम्परिक साहित्यमा वर्णित अशोकले निर्माण गरेका चैत्यहरुको संख्यामा शंका हुन सक्छ, तर वर्तमान भारत, पाकिस्तान तथा नेपालका कतिपय चैत्यहरु उनैको नामवाट चिनिन्छन्। देवानंप्रियदर्शीका नामले पाइने उनका विभिन्न अभिलेखहरुवाट देखिने बौद्ध धर्मप्रतिको अशोकको उत्साहले यस कुराको पुष्टि गर्दछ।

शाक्यमुनि बुद्धको अस्थि अवशेषमाथि मात्र होइन अशोकले अन्य मानुष बुद्धहरुको अवशेप माथि पनि चैत्य निर्माण गर्ने परिपाटी बसाएको देखिन्छ। यस कुराको एउटा उदाहरण नेपालको कपिलवस्तु जिल्लाको तिलौराकोट नजिकैको निग्लिहवामा रहेको स्तम्भ अभिलेख हो। यस अनुसार देवानंप्रियदर्शीले कनकमुनि बुद्धको स्तूपलाई दोश्रोपल्ट बनाएका थिए।

ईशापूर्व दोश्रो शताब्दीदेखि ईशाको दोश्रो शताब्दी सम्मको युग चैत्यको निर्माण, विस्तार, सुदृढिकरण र सौन्दर्यकरणको लागि प्रसिद्ध थियो। यस कालमा भारतका सांची, भरहुत र अमरावतीका प्रसिद्ध स्तूपहरुको विस्तार र सुदृढीकरण गरिएको विश्वास गरिन्छ। यसै कालमा प्रस्तरका चैत्यहरुको विशेपत: छत्रयष्टि, हर्मिका, चारैतिरका रेरिङ, सोपान र विशाल तोरणको निर्माण गरियो र चैत्यको आदर्श स्वरुप निर्धारण भयो।

वुद्धधर्ममा प्रतीकात्मकको प्रयोग धेरै पहिले देखि भएको देखिन्छ। यस्ता केही प्रतीकको उपयोग स्वयं अशोकले गरेका थिए। आफ्ना कलापूर्ण स्तम्भको शीर्षमा उनले चक्र, गर्जिरहेको सिंह, घोडा, हात्ती आदि प्रतीक चिन्हहरुको उपयोग गरे। अशोकभन्दा पछि सांची र भरहुतका तोरणहरुमा नयाँ प्रतीक चिन्हहरु वोधिवृक्ष, सिंहासन, छत्र आदि राजचिन्ह देखाइएका छन्।

यस्ता प्रतीकहरुको थालनीको आधार पारम्परिक

बौद्ध कथाहरु नै हुन्। यस अनुसार मायादेवीले गर्भवती भएको समयमा स्वप्नमा आफ्नो गर्भ भित्र सेतो हात्ती प्रवेश गरेको देखेकी थिइन्। यस आधारमा हात्तीलाई सिद्धार्थको जन्मको प्रतीक मानियो। सांसारिक दु:खबाट विमुक्तिको उपाय खोज्न सिद्धार्थले गृहत्याग गर्दा कन्थक नामको घोडाको उपयोग गरेका थिए। यस आधारमा घोडा गृहत्यागको प्रतीक वन्यो। बोधि वृक्षमुनि ज्ञान प्राप्त गरेकाले बोधिवृक्ष ज्ञानको प्रतीक वन्यो। भवचक्रलाई धर्मचक्रको रुपमा परिणत गर्ने वुद्धको प्रथम उपदेशको प्रतीकको रुपमा धर्मचक्रको उपयोग हुन थाल्यो। उनको यो उपदेश सारनाथको मृगदावनमा भएकोले तथा मृग करुणाको प्रतीक मानिएकोले चक्रको दायाँ बायाँ मृग देखाउन थालियो। यसै गरी वुद्धको अस्थि अवशेष राखेर बनाइएको स्तूप महापरिनिर्वाणको प्रतीक बन्न गयो।

चैत्यको अंग प्रत्यंगले प्रतीकात्मकता बोकेको हुन्छ। चैत्यका अंगहरु वेदीका, जंघावेदी (जंघावेदिका), अण्ड, हर्मिका, छत्रावली आदि सबै बौद्ध दर्शनका प्रतीक हुन्। यी अंगहरु नेपाली कला तथा वास्तुकलाको मौलिक उदाहरण हुन्। चैत्यको वाह्य स्वरुप पूजास्थलको रुपमा छ भने आन्तरिक स्वरुप प्रतीकात्मक छ।

चैत्यको प्रतीकात्मक स्वरुपको विषयमा विभिन्न विद्वानहरुले विभिन्न विचार प्रस्तुत गरेका छन्। आन्द्रीएन स्नोदग्रासले बौद्ध ग्रन्थ क्रियासंग्रहमा दिइएको प्रतीकात्मक स्वरुपलाई आफ्नो पुस्तकमा उद्धृत गर्नु भएको छ। यस अनुसार चैत्यको आधारको चौडाई वत्तीस अंगुल हुनुपर्छ भने त्यसको उचाई बान्ह अंगुल हुनुपर्दछ। वत्तीस अंगुल महापुरुषको वत्तीस लक्षणको प्रतीक हो र बान्ह अंगुल द्वादसाङ्ग प्रतीत्य समुत्पादको प्रतीक हो। त्यस्तै वेदीका भन्दा माथिल्लो जंघावेदीका छ: अंगुल उचाईको हुनुपर्छ। छ अंगुल ५: अनुस्मृतिको प्रतीक मानिएको छ। जंघावेदीका माथि अर्ध गोलाकार अण्ड हुनुपर्छ जसको उचाई छ हुन्छ। यसलाई अविद्याको प्रतीक मानिएको छ। हर्मिक तीन अंगुल उचाई र चार अंगुल चौडाईको हुनुपर्दछ। बौद्ध सम्प्रदायको तीन यानको प्रतीक हर्मिकाको उचाइ हो भने चौडाई आर्य सत्यको प्रतीक हो। यष्टिको सम्पूर्ण लम्बाई २२ अंगुल हुन्छ जुन चित्तोपादको प्रतीक मानिन्छ। छत्र यष्टिमा छत्रावली जोडेको हुन्छ। आर्यअष्टाङ्गिक मार्गको प्रतीक हो।

स्नोदग्रासले तिब्वती ग्रन्थ वैदूर्य गे सेल मा वर्णीत चैत्यको प्रतीकात्मक स्वरुपको उल्लेख गर्नु भएको छ। यस अनुसार चैत्यको पाँचतहको आधार मध्ये पहिलो तहका चार तहका चार दिशाले चार प्रकारका स्मृत-प्रस्थानको प्रतिनिधित्व गरेको छ। दोश्रो तह प्राहणको प्रतीक हो भने तेश्रो तह ऋद्धिपादको प्रतीक हो। चौथो तहको चार दिशा र केन्द्र गरी पञ्चेन्द्रियको प्रतीक हो। अण्डको आधार पंचबलको प्रतीक हो भने अण्ड मुक्ति मार्ग बोध्यङ्गको प्रतीक हो। हर्मिका अष्टाङ्गिक मार्गको छत्रयष्टि दश प्रकारको ध्यानको प्रतीक हो। तेन्ह तहको छत्रावलीको छत्र महाकरुणाको प्रतीक हो भने चन्द्र-सूर्य बोधिचित्तको प्रतीक र चैत्यको सवभन्दा माथि रहेको सानो विन्दु अविज्ञाको प्रतीक मानिएको छ।

नेपालमा प्रतीकको रुपमा बनाइएको चैत्यको लामो परम्परा छ। यस्तो चैत्यको आकृति अभिलेखको शिरोभाग, सिंक्का, गजूर, तोरण, टुँडाल जस्ता अनेकौं स्थान र वास्तुहूमा बनाइएका पाइन्छन्। यो नेपालको आफ्नो विशेषता हो।

**पोखराको विश्व शान्तिस्तूपमा आयोजित**
**सातौं वार्षिक पूजाको सफलताको शुभकामना**

**SHAKYA BHANDAR**
TERSAPATTI, POKHARA-3
Ph: 061520992, 530992

# भृकुटी, बुद्धधर्म र भोट-नेपाल संबन्ध

- तिलक पराजुली

तिब्वतमा बौद्ध धर्मको प्रचार प्रसार, विकास र बुद्धका उपदेशहरु व्यवहारमा लागु गर्ने कुरामा नेपालकी छोरी भृकुटीको ठूलो देन छ। बौद्धधर्मलाई भोट (तिब्वत) मा लोकप्रिय गराउने, जनजीवनमा भिजाउने कुरामा मात्र होइन नेपाल र भोटवीच आर्थिक सांस्कृतिक संवन्धको विकासमा पनि उनको ठूलो देन रहेको छ। त्यति मात्रै होइन नेपालको स्वतन्त्र अस्तित्वको अच्छुणता कायम राख्न पनि भृकुटीको भोटका राजा स्रङचङ गम्पोसँगको वैवाहिक सम्वन्धले ठूलो मद्दत पुऱ्याएको इतिहासले प्रमाणित गरेको कुरा हो। तिब्वतको राष्ट्रिय जीवनमा भृकुटीको यति ठूलो महत्व रहको छ कि इतिहासकार ज्ञानमणि नेपालको "नेपाल-भोट-चीन सम्वन्धका केही सांस्कृतिक पक्ष" नामक आफ्नो ऐतिहासिक ग्रन्थमा लेखेका छन्- "भोटको इतिहास भने पनि, जीवन चरित्र भनेपनि, कुनै राजाको जीवन चरित्र पनि कुनै न कुनै रुपमा भृकुटीको उल्लेख विना पूरा हुँदैन। बौद्ध धर्मको कुरा आउनासाथ भृकुटी सम्वद्ध हुन आइपुग्छिन्" (पृ. २)। तिब्वतको समेत प्राचिन इतिहासको गहिरो र व्यापक अध्ययन गरेका ज्ञानमणीले यसै पुस्तकमा लेखेका छन् कि तिब्वतको प्रसिद्ध ऐतिहासिक ग्रन्थ "मणिका वुम" त्यहाँका प्रसिद्ध इतिहासकार सोनाम ग्याल्छेनको इतिहास, तिब्वतको धार्मिक इतिहास लेख्नेमा प्रसिद्धि पाएका बुस्तोनको ग्रन्थ र पञ्चम दलाई लामाले लेखेको भोटको इतिहासमा समेत भृकुटीको स्रङचङ गम्पो सँगको विवाहको विपद वर्णन गरिएको छ र भृकुटीले गरेको योगदानको गर्वोक्ति रुपमा चर्चा भएको छ।

लिच्छविकालमा नेपाल आर्थिक, धार्मिक, साँस्कृतिक रुपले विकसित र राजनीतिक रुपमा स्थिर थियो। नेपालमा लिच्छवि राज्य स्थापना गराउने पहिलो राजा जयदेव (प्रथम) हुन्। यिनले स्थापना गराएको यो राज्य लोकतान्त्रिक थियो र यी राजा स्वयम् बुद्धधर्मका अनुयायी थिए। वावुराम आचार्यले "चीन तिब्वत र नेपाल" पुस्तकमा लोकतान्त्रिक लिच्छविकालका अन्तिम राजा वृषदेव देखिन्छ। यिनी यस क्षेत्रका सम्भवत: निर्वाचित राजा थिए र साथै वौद्ध धर्मका अनुयायीका रुपमा पनि परिचित रहेका थिए (पृ. १२) भनी लेखेका छन्। यसै सिलसिलामा इतिहास शिरोमणि आचार्य अगाडि लेख्दछन् :"भारतमा रहेका शक्तिशाली गुप्त राजाहरु प्रजातन्त्रात्मक राज्य व्यवस्थाका विरोधी त छँदै थिए, साथै उनीहरु वौद्ध धर्मका बिरोधीका रुपमा पनि उपस्थित हुन पुगेका थिए। सनातन धर्मको पौराणिक सम्प्रदायका पक्षपाती रहेका गुप्तराजाहरुको राजनैतिक प्रभाववाट बच्न नेपालमा रहेका लिच्छिवि राजा वृषदेवले आफ्नो लोकतन्त्रात्मक लिच्छवी राज्यलाई पनि राजतन्त्रात्मक राज्यका रुपमा परिणत गराएर मात्र नपुगी राजतन्त्रात्मक राज्य व्यवस्थाको निमित्त राजकीय धर्मका रुपमा सनातन धर्मको पौराणिक सम्प्रदायलाई अपनाएर आफू स्वयम् बौद्धधर्मका अनुयायी भए पनि आफ्ना छोरा शंकर देवलाई भने पौराणिक सम्प्रदायका अनुयायीका रुपमा दीक्षित गराएर आफ्ना उत्तराधिकारी एवं युवराज समेत घोषित गराएको स्पष्ट रुपमा देखिन आएको छ।

नेपालका इतिहासका आधिकारिक अध्येताका स्थान लिनु भएका शिरोमणि आचार्यको उक्त भनाई उदृत गर्नाको महत्व यसमा छ कि नेपालमा चलेको लोकतान्त्रिक पद्दति र बौद्ध धर्मका विरुद्ध दक्षिणबाट आएको दवाव नै कारक रहेको सबैले बुझ्नु पर्दछ। तर यो आश्चर्य छ कि दक्षिणको छिमेकी भारतको यत्रो दवावको वावजुद त्यसवेला पनि वौद्धधर्मको प्रभाव नेपालमा हराएन। भृकुटीका पिता मानिएका अंशुवर्मालाई जसले पहिले महासामन्त र पछि आफ्नै उत्तराधिकारी राजा बनायो ती लिच्छवि राजा शिवदेव अंशुवर्मालाई शासन भार सुम्पेर आफू बौद्ध धर्मको दीक्षा लिई भिक्षु जीवन ग्रहण गरेका थिए।

भृकुटी कसकी छोरी हुन् भन्ने कुरामा पनि विवाद

रहेको छ। तिब्वत र नेपालमा पाइएका अहिले सम्मका ऐतिहासिक सामग्रीहरुले उनी अंशुवर्मा कै छोरी हुनुपर्दछ भन्ने रहेको छ। चीनको "ताङ वृत्तान्त" समेतको आधारमा यो भनाई नै सत्यताको नजिक रहेको छ। यसमा सन्देह उत्पन्न गर्नका एक प्रमुख कारण तिब्वतको कुनै कुनै वशावलीमा भृकुटीको पिताको नाम होसेर गोचा लेखिएकोले पनि हो। यसको अनुवाद "ज्योतिवर्मा" हुने तर यस नाउँका कुनै पनि राजा नेपालमा नभएकोले यसमा सहमत हुन सकिंदैन भन्ने कुरा ज्ञानमणि नेपालको छ। नेपालको इतिहास लेख्ने फ्रान्सिसी विद्वान सिल्भान लेभी ले (Sylvain levi) ले अंशुवर्मा पछि राजा भएका शिवदेवका छोरा उदय देव जसलाई पदच्यूत गरिएको थियो र तिब्वतमा शरणार्थी जीवन विताएका थिए, कि छोरी हुन भृकुटी भनि लेखेका छन् । यस भनाईलाई आधुनिक नेपालको इतिहास लेख्ने पश्चिमा विद्वान लियो इं.रोजले पनि समर्थन गरेका छन्। परन्तु यसको खण्डन प्रमाण र तर्कका आधारमा बावुराम आचार्यले गरेका छन्। र अंशुवर्माकै छोरी हुन भन्ने पुष्टि गरेका छन्। अर्को तर्क अंशुवर्मा जस्ता शक्तिशाली राजा जसले वैभवशाली कैलाशकुट महल बनाएका छन्, जो शैव धर्मका अनुयायी हुन्, जसले आफु महाराजाधिराज बन्नासाथ नयाँ सम्वत् चलाए र आफ्नो शिलालेखमा अनेक प्रशस्तिका साथै "म कुनै पनि राजा लाई प्रणाम गर्नको निमित्त अगाडि सर्दिन" भनी लेखाएका छन्। त्यस्ता व्यक्तिले आफ्नी छोरी अपरिचित, भाषा संस्कृति नमिल्ने सभ्यता नभएका भोंटेलाई कसरी दिए? यो कुरा उठाएका छन्। परन्तु दक्षिण तर्फ हर्षवर्द्धनको वलियो राज्य चलेको र उत्तर तर्फ पनि तिब्वतमा स्रङचङ गम्पोका पिताले तिब्वतको एकीकरण गरी शक्तिशाली राज्य खडा गरेको अवस्थामा त्यसै शक्तिशाली राज्यका युवराज स्रङचङ गम्पोलाई आफ्नी छोरी विवाह गरिदिएर दक्षिणका शक्तिशाली राजाको प्रभावबाट आफ्नो देशलाई स्वतन्त्र राख्ने महतीकार्य उनले गरेका हुन्। दक्षिणको दवावले नेपालका ती राजाले बुद्धधर्म छाडे पनि यिनी वुद्धधर्मको आदर सम्मान र अनुशील गर्थे भन्ने कुरा चिनीयाँ यात्री हुएन साङ ले लेखेको यात्रा विवरणले प्रष्ट गर्दछ। यात्रा विवरणमा यिनले लेखेका छन् -" यहाँ लिच्छवी कुलमा जन्मेका क्षेत्रीय राजाहरु राज्य गर्ने गर्दछन्। यिनीहरुलाई धेरै कुराहरुको ज्ञान रहेको पाइन्छ। यिनीहरु वौद्धधर्ममा पनि आस्था राख्दछन्। केही वर्ष अघि यहाँ अंशुवर्मा नाम भएका एकजना यशश्वी व्यक्ति राजा भएका थिए। उनी निकै चतुर र नीतिवान पनि रहेका मानिन्छन्। उनी विद्वानहरुको कदर गर्दथे र उनले स्वयम् नै शब्दशास्त्र संबन्धी एउटा राम्रो ग्रन्थ पनि बनाएका थिए। आफ्नो ज्ञान, विद्या र प्रशासनिक कुशलताहरुले गर्दा उनको प्रताप र प्रतिभाको कीर्ति देशमा टाढा-टाढा सम्म पनि फैलिएर रहेको पाइन्छ।" (बावुराम आचार्य पृ.२३) अत: धर्मका कारणले अंशुवर्माले आफ्नी छोरी दिएनन् होला भन्ने कुरा खण्डन हुन आउँछ। बरु आफ्नो देशको राष्ट्रिय स्वाधिनताको पनि रक्षा हुने र भोटमा बौद्धधर्मको विकास तथा विस्तार गर्नपनि मद्दत पुग्ने देखेर अंशुवर्माले आफ्नी छोरीको विवाह भोटका राजासँग गरिदिएको प्रतीत हुन आउँछ।

भृकुटी विवाह गरेर तिब्वत जाँदा अक्षेम्य बुद्ध वोधिसत्व र ताराका मैत्रेय मूर्तिलाई दुइटी चमरी गाईको पिठ्युँमा राखेर लगेको समेतका अनेक वर्णन मणिकाबुम् नाम तिब्वती इतिहासमा लेखेको कुरालाई ज्ञानमणि नेपालले "नेपाल - भोट चीन संबन्धका केही साँस्कृतिक पक्ष" नामक पुस्तकमा लेखेका छन् र भृकुटीको स्रङ चङ गम्पो सँग बिवाह हुँदाका रोचक वर्णन पनि पुस्तकमा प्रस्तुत गरिएको छ। बिवाहको लागि वर स्रङ चङ गम्पो नेपाल आएका होइनन्। बुद्धमूर्ति र अनेक उपहारहरुका साथ भृकुटीलाई तिब्वत पठाइयो। केरुङ्गको बाटो भएर भृकुटी भोट गएपछि नै यो मार्ग व्यापारिक नाकाको रुपमा खुलेको हो। तिब्वतको क्षेत्रमा प्रवेश गरेपछि नै भृकुटीको भव्य स्वागत भयो। भृकुटीको तिब्वती नाउँ कोङ जो हो। उनलाई विवाह गरेको एक वर्ष पछि स्रङचङ गम्पोले एक चिनीया राजकुमारीसँग विवाह गरे जसको नाउँ वो चिङ हो। भृकुटीले लगेका वौद्ध मूर्तिहरु ल्हासाको मध्य भागमा ठूलो गुम्बा बनाई स्थापना गरियो। यी दुवै राजकुमारी हरुको भोटमा बौद्ध धर्म प्रचार प्रसारमा महत्वपूर्ण योगदान रहेकोले नै भृकुटी "हरित तारा" र चिनीया

राजकुमारी "स्वेत तारा" को रुपमा सम्मानित भएका हुन् । भृकुटी भोटमा गएपछि बुद्धधर्म संघको गठन समेत गराई बौद्धधर्मलाई संस्थागत रुपमा प्रचार प्रसार गराएको कुरा अत्यन्त महत्वको छ ।

भृकुटी भोटमा गएपछि नै तिब्वतका मात्र होइन महाचीनवाट पनि बुद्धधर्मका ज्ञाता वौद्धिक शिष्टमण्डल नेपाल आउन थाले । शेष विश्ववाट एकलास (Isolation) मा रहेको हाम्रो देशको राजधानी काठमाण्डौ (युपग्राम पाटन) दक्षिण एशिया र मध्य एशियाको संगमस्थलको रुपमा परिणत भयो । यसको श्रेय भृकुटीलाई नै छ । उनी हामी नेपालीहरुको लागि समेत एक महान राष्ट्रिय विभूति हुन । अस्तु ।


कास्की जिल्लाको पुम्दी भुम्दी गाविस वडा नं १ मीन थुम्कीमा अवस्थित

विश्व शान्ति स्तूपामा

२०७२ कार्तिक १२ गते हुन गैरहेको

**वार्षिक पूजा समारोहका लागि**

हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ

*डा.प्रकाश सिंह तुलाचन, डा. बाल मुकुन्द तुलाचन*

**प्रकाश डिस्पेन्सरी**

नदीपुर, पोखरा- फोन: ५२०१२१

उच्च गुणस्तरीय जापानिज भाषाको लागि सुवर्ण अवसर

नयाँ प्रविधि तथा सुव्यवस्थित पुस्तकालयको साथै अडियो भिडियोको माध्यमद्वारा पोखरामा पहिलो पटक

**जापानिज भाषा**

विद्यार्थीहरुको सुविधाको लागि महेन्द्रपुलस्थित नोबेल इन्स्टिच्यूटको माथिल्लो तलामा पनि नयाँ कक्षाहरु संचालन भैरहेको छ ।

भर्ना हुने अन्तिम मितिः कार्तिक १९ कक्षा संचालन: कार्तिक २०

**पोखरा जापानिज भाषा तथा साँस्कृतिक केन्द्र**

पार्दी विरौटा, पोखरा, फोन: ५२८७२८, ५४१७४१

नोट: बगरका विद्यार्थीहरुले नेम्स इन्टिच्यूटमा सम्पर्क गर्नुहोला । फोन: ५२२४७४

# तानसेन, पाल्पामा ज्ञानमाला

- छत्रराज शाक्य

**१. ज्ञानमालाको प्रारम्भ:**

भगवान बुद्धको जन्मस्थल नेपालको "लुम्बिनी" विश्वका संपूर्ण बौद्धहरुको लागि पावन तीर्थस्थल हो। बुद्धकाल देखि नै नेपालमा बुद्धधर्म विभिन्न रुपमा विकसित हुँदै गरेको छ। नेपालमा ६-७ दशक अघि थेर वाद बुद्धधर्मको पुनर्विकास हुन थाले पछि भगवान बुद्धका आध्यात्मिक, सत्य र शान्ति उपदेशलाई पद्यमय बनाई लय, सुर, तालमा काठमाण्डौको स्वयम्भू महाचैत्य र अन्य बौद्ध बिहारहरुमा भजनको रुपमा गाउन थालियो। स्वयम्भूमा चलिरहेको स्वयम्भू भजन समूहले वि.सं १९९४ मा ज्ञानमाला भजन खल: को रुप लियो। त्यसपछि हिरण्य वर्ण महाविहार ललितपुरमा संचालन भइरहेको भजन समूहले वि.सं. १९९६ मा "तारेमाम संघ" (नागबहा) को रुप लियो। यी दुवै संस्था खडा हुनमा भिक्षु अमृतानन्द र कान्छा बुद्ध बज्राचार्य (संगितज्ञ) को महत्वपूर्ण योगदान रहेको छ। दुवै संस्थाहरुको सुरुवात नै नेपालमा "ज्ञानमाला" को सूत्रपात मान्नु पर्दछ।

वि.सं. १९९५ मा १८ वटा भजनहरु संग्रह गरी "भजनमाला" पुस्तकको रुपमा भारतको कुशीनगर को माया कुंवर स्थलबाट छपाई काठमाण्डौमा ल्याइएको थियो। उक्त पुस्तकको स्व. धम्मालोक भन्ते (भिक्षु प्रज्ञाभिवंशको नाममा) सम्पादक र स्व. अमृतानन्द भन्ते प्रकाशक हुनुहुन्थ्यो। "ज्ञानमाला" पुस्तक धेरै पटक छापिएर अहिले अठारौं संस्करण प्रकाशित हुँदैछ। नेपालमा नेपाल भाषामा (नेवारी) सबभन्दा बढी प्रति अठार पटक सम्म छापिएको पुस्तक "ज्ञानमाला" नै भएको छ।

ज्ञानमाला संघ, संस्था, खल, को रुपमा काठमाण्डौको साथै पूर्व र पश्चिम नेपालका सबै जिल्लाहरुमा करीव ७० वटा संस्थाहरु स्थापना भैसकेका छन्। यसरी यो ज्ञानमाला संस्था देशब्यापी रुपमा छरि एर विकशित भइरहेको छ।

**२. ज्ञानमालाको अर्थ:**

"ज्ञान" र "माला" दुई वटा शब्द मिलेर बनेको ज्ञानमालाको अर्थ आध्यात्मिक ज्ञानको माला भन्ने जनाउँदछ। अर्थात ज्ञानमाला भजनहरुमा धार्मिक, आध्यात्मिक ज्ञानको भंडार रहेको छ। "ज्ञानमाला" शब्दको प्रयोग सर्वप्रथम वि.सं. १९९५ मा प्रकाशित भजनमाला पुस्तकलाई २000 सालमा पाँचौं संस्कर णको रुपमा "ज्ञानमाला" भनी ९८ वटा भजनहरु समावेश गरी प्रकाशित गरिएको थियो। नेपालमा नै ज्ञानमालाको प्रारम्भ एवं विकास गर्नमा तानसेनको भीमसेन टोलमा जन्मनु भएका भिक्षु अमृतानन्द महास्थविरको महत्वपूर्ण योगदान रहेको छ।

यसरी संक्षेपमा भन्नु पर्दा, भगवान बुद्धको धर्मोपदेशलाई पद्यमय बनाई लय, सुर तालमा हार्मोनियम र तबलाको सामूहिक रुपमा गाइने भजन नै ज्ञानमाला हो

**३. तानसेनमा दाफा भजन र ज्ञानमाला भजन संस्थाहरुको प्रादुर्भाव र विकास:**

**क) तानसेनमा दाफा भजन:** काठमाण्डौ, ललितपुर र भक्तपुरबाट नै शाक्य, बज्राचार्य बौद्ध नेवारहरु तानसेन बसाई सरी बसोवास गरेको देखिन्छ। तानसेनका बौद्धहरुको मर्दा पर्दा परम्परागत विधि व्यवहार गर्न गुठी बनाएको र ती गुठीहरु हालसम्म पनि संचालन भैरहेका छन्। पहिलो श्री भगवान सना: गुठी आनन्द बिहार, भीमसेन टोलमा वि.सं. १९५५ मा स्थापना भएको अन्दाज गर्न सकिन्छ। दोस्रो श्री भगवान बुद्ध रथयात्रा गुठी, महाचैत्य बिहार टक्सार टोलमा वि.सं. १९७२ मा स्थापना भएको थियो। ज्ञानमाला संघ स्थापना हुनु अघिदेखि तानसेनमा यी पुराना गुठीहरुले दाफा भजन गर्ने, बिहारमा भजन एवं बुद्ध पूजा गर्ने काम गर्दै आएको देखिन्छ। भजनको विषय वस्तु मुख्य गरेर बुद्ध धर्मकै उपदेश र शिक्षा हुन्थे।



Wondershare PDFelement

**ख) तानसेनमा ज्ञानमालाको प्रवृत्ति र विकास:**

तानसेन पाल्पाका बौद्धहरु आफ्ना व्यवहार र काम विशेषले काठमाण्डौ, ललितपुर आउने जाने गर्दथे। यही क्रममा काठमाण्डौ र ललितपुरका विभिन्न बौद्ध बिहारहरुमा संचालन हुने ज्ञानमाला भजन श्रवण गर्ने अवसर तानसेनवासीहरुले पाए। तानसेन फर्केर केही युवाहरुले एक आपसमा ज्ञानमाला भजन वारे कुराकानी र प्रयास गर्न थाले। यीनै प्रयासहरुको फलस्वरुप भीमसेन टोल अवस्थित आनन्द बिहारमा वि.स. २००४ वैशाख १६ गते "ज्ञानमाला संघ" को जन्म भयो। सोही सालमा नै टक्सार टोलको महाचैत्य बिहारमा "ज्ञानमाला सभा" को स्थापना भयो। ज्ञानमाला भजनको माध्यमबाट बुद्धधर्मको प्रचार प्रसार गर्नु, नेपाल भाषाको विकास गर्नु र समाज सेवा गर्नु आदि मुख्य रुपमा दुवै संस्थाहरुका उद्देश्यहरु रहेका छन्। तानसेन पाल्पामा ज्ञानमाला भजनको प्रचार प्रसार र विकास गर्नमा यी संस्थाहरुको महत्वपूर्ण योगदान रहेको छ।

**ग) ज्ञानमाला बौद्ध युवाहरू:** श्री महाबोधि विहारमा, २०४५ सालमा स्थापित बौद्ध युवा संघले बौद्ध गतिविधिहरु गर्नुको साथै काठमाण्डौ र अन्य स्थानमा गई ज्ञानमाला भजन गरेका छन्। यसको साथै "सत्य वचन" बौद्ध भजन संग्रह भाग १ आदिको क्यासेट तयार गरेको छ, जो ज्यादै लोकप्रिय भएको छ। यस्तै २०४९ र २०५० मा स्थापित ज्ञानमाला सुधार समिति र बौद्ध सेवा समाज पाल्पा, टक्सार तानसेनले "बौद्ध भजन माला" क्यासेट निर्माण गर्नुका साथै सोही शिर्षकमा भजन पुस्तक पनि प्रकाशित गरेको छ। यी दुई संस्थाहरुले भजन क्यासेट तयार गरी तानसेनको ज्ञानमाला भजनको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। यस्तै २०५३ सालमा बुद्ध विहार होलाङ्गदीमा स्थापित करुणा बौद्ध संघ अन्तर्गत "करुण भजन समिति" गठन भई बुद्ध विहारमा समय समयमा ज्ञानमाला भजन गर्दै आएको छ। ज्ञानमाला सभा, तानसेन टक्सारले ५० वर्षमा प्रवेश गरेको स्वर्ण जयन्तीको शुभ अवसर पारेर "बुद्ध वचन" भजन क्यासेट तयार गरेको छ।

**घ) ज्ञानमाला बौद्ध महिलाहरू:**

तानसेनका बौद्ध विहारहरुमा अष्टमी, पूर्णिमा, औंसी र संक्रान्ती तिथिमा संपन्न हुने बुद्ध पूजा र ज्ञानमाला भजनहरुमा बौद्ध महिलाहरुले पनि भजन गाएर साथ दिन्छन्। तानसेनका सबैजसो बिहारहरुमा बौद्ध महिला संस्था गठन भएका छन्।

सबभन्दा पहिला २०३८ सालमा बौद्ध महिला भोजन व्यवस्था समिति, बुद्ध विहार होलाङ्गदीमा, २०४० सालमा बौद्ध महिला आजीवन दायक समिति महाचैत्य बिहारमा, २०४१ सालमा बौद्ध महिला समिति महाबोधि विहार मा र २०५२ सालमा बौद्ध महिला सेवा समिति आनन्द बिहारमा स्थापना भएका छन्।

यी बौद्ध महिला संस्थाहरुले आफ्ना विहारमा आफ्नै आयोजनामा पनि ज्ञानमाला भजनहरु गाउने गर्दछन्। यसरी तानसेन ज्ञानमालाको क्षेत्रमा बौद्ध महिलाहरुको पनि महत्वपूर्ण भूमिका रहेको निर्विवाद छ।

## ४. तानसेनका बौद्धहरूको जीवनमा ज्ञानमाला:

तानसेन पाल्पाका बौद्धहरुको जीवनमा ज्ञानमालाले महत्वपूर्ण स्थान ओगटेको छ। जन्म देखि मृत्यु पर्यन्त गरिने विभिन्न धार्मिक संस्कार कार्यक्रममा बौद्धहरुको घर घरमा ज्ञानमाला भजन गर्ने परम्परा बसेको छ। बालक जन्मे पछि छैठौं दिनमा गरिने शुद्धिकार्य देखि, अन्नप्राशन, मृत्यु पछि गरिने शवयात्रा, पितृ परलोक भएको वार्षिक कार्यमा पनि ज्ञानमाला भजन गराउने चलन, परम्परा बसेको छ। मानिस परलोक भएपछि अनित्यता, क्षणभंगुरता, मृत्यू अवश्यंभावी जस्ता गंभीर खालका ज्ञानमाला भजन गाएर शवयात्रा गरिन्छ। यसरी जीवनको प्रत्येक घडीमा ज्ञानमाला भजनको साथले भगवान बुद्धको उपदेश श्रवण गरेर, जीवनमा सुख, शान्ति र आनन्दको अनुभूति प्राप्त गर्न सकिने हुन्छ।

## ५. ज्ञानमालाको भाषा र विषय वस्तु:

**क) भाषा:** ज्ञानमालाको भाषा नेपाल भाषा (नेवारी) रहेको छ। बौद्ध नेवारहरुले आफ्नो मातृभाषामा नै भजन रचेर गाउने गरेका छन्। तानसेनमा पनि ज्ञानमाला भजन नेपाल भाषामा नै हुने गर्दछ। तानसेन

पाल्पामा नेपाल भापालाई जीवन्त राख्न ज्ञानमालाको महत्वपूर्ण योगदान रहेको छ । भजन गायन मात्र होइन, ज्ञानमाला संस्थाले धार्मिक प्रवचन र अन्य कार्यक्रम आयोजना गर्दा पनि नेपाल भापा (नेवारी) बाट नै गर्ने गर्दछ । ज्ञानमाला संघको विधानमा एउटा उद्देश्य नेपाल भापाको प्रयोग र उन्नति गर्नु रहेको छ । मातृभापा प्रति श्रद्धा राख्नु प्रेम गर्नु गौरवको विपय हो ।

नेपालमा नेवारहरु मात्र होइन, अन्य गुरुङ्ग, राई, लिम्बु, थकाली, मगर आदि सवै बौद्ध हुन् । अत: नेपाल भापा बाहेक अन्य नेपाली, गुरुङ्ग आदि भापाहरुमा ज्ञानमाला भजन उल्था गरी गाउनु पर्ने देखिन्छ । यसो भएमा ज्ञानमाला नेपाल राष्ट्रमा नै संपूर्ण बौद्धहरुमा व्यापकता भई वुद्धका शान्ति उपदेश श्रवण गर्ने अवसर पाउन सक्दछन् । यस दिशा तर्फ पनि सोचाई हुन गई तानसेन पाल्पामा नेपाली र अन्य भापामा उल्था गरी गाउने अभ्यास भई रहेको खुशीको कुरा हो ।

**ख) विषयवस्तुः** ज्ञानमालाको मुख्य विपयवस्तु भगवान बुद्धबाट उपदेशित चार आर्यसत्य, आर्य अष्टाङ्गिक मार्ग शील समाधि प्रज्ञा, दुख अनित्य र अनात्य आदि धार्मिक विपय नै रहेका छन् । यति मात्र होइन सदाचार शिक्षा र विधाको महत्व, राष्ट्रभक्ति आदि कुरा समावेश गरी ज्ञानमाला भजनको माध्यमबाट जनचेतना अभिबृद्धि गरी वुद्ध धर्मानुकुल शिक्षित, सुखी शान्त र स्वस्थ समाजको निर्माण गर्न प्रयासरत ज्ञानमाला धार्मिक संस्था भएको छ ।

**ग) तानसेनमा लोकप्रिय ज्ञानमाला भजनः**

भिक्षु अमृतानन्द महास्थविरबाट करीब १५ वटा भजनहरु रचना भएका छन् । ती मध्ये, "भो प्रभु भगवान दरशन विव" (हे प्रभु भगवान दर्शन दिनुहोस्) भजन अति नै लोप्रिय भएको छ । उहांका अन्य भजनहरु पनि त्यत्तिकै प्रभावकारी र लोकप्रिय भएका छन् । भिक्षु शाक्यानन्द महास्थविरको "मेल प्रियजन अयेला थ्वँ त्वतेगु" (प्रियजन जाँड रक्सी पिउन छोडौं ) सुधारवादी भजन पनि त्यत्तिकै प्रभावकारी रहेको छ । भिक्षु महाप्रज्ञाबाट रचित "झ्यालनं फ्य् वया, मत जक सित यो मा झ्या तीगुगय" (झ्यालबाट हवा आएर वत्ति मात्र निभ्यो, आमा झ्याल वन्द गर्ने कसरी ) यो भजन साह्रै लोकप्रिय भएको छ । यसमा पंच इन्द्रिय रुपी झ्यालबाट बाधा उत्पन्न भई ज्ञानको वत्ति बाल्न नसकिएको गहिरो कुरा समावेश भएको छ । त्यस्तै लक्ष्मी नानीको "स्वदेशवासी तता केँहें मयजु विद्या व्वना दिये माल" जनचेतना जगाउने भजन र धर्म रत्न उपासकको "त्रिरत्न याके शरण वना भि, निर्वाण पदवी लायमा याकनं" दान शील भावना प्रधानता भएको भजन पनि उत्तिकै लोकप्रिय छन् ।

**६. उपसंहारः**

ज्ञानमाला भजन श्रवण गर्दा भजनले दिन खोजेको सन्देश र भगवान बुद्धको उपदेशमा नै चित्त एकाग्र गरी बुझ्ने कोशिश गर्नुको साथै व्यवहारमा उतार्ने प्रयास पनि गर्न सक्यौं भने सार्थक हुन्छ । तर भजनको लय र संगीतमा मात्र मुग्ध भएर झुमीन वा मोहित हुन थाल्यौं भने कुशल कर्मको ठाउँमा मनको संगीत प्रति मोह उत्पन्न भई अकुशल कर्मतिर लाग्ने हुन्छौं ।

भगवान बुद्धको आध्यात्मिक एवं शान्ति उपदेश जनमानसमा भजन माध्यमबाट प्रचार प्रसार गर्न ज्ञानमालाको भूमिका साह्रै नै महत्वपूर्ण रहेको छ । तानसेन पाल्पामा ५० वर्षको ज्ञानमालाको इतिहास खोतल्दा यहाँको बौद्ध र अन्य समाजको विविध पक्षमा अति नै महत्वपूर्ण योगदान पुऱ्याएको निर्विवाद छ ।

अन्तमा ज्ञानमाला संघ आनन्द विहारले गत वैशाख १६ गते स्वर्ण शुभ जन्मोत्सव समारोह संपन्न गरि सकेको छ भने ज्ञानमाला सभा महाचैत्य विहारले यही चैत्र २१ गते आफ्नो स्वर्ण जयन्ती समारोह मनाउँदैछ । यस सुखद घडीमा संस्था परिवारलाई हार्दिक बधाई दिदै उत्तोरत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

अस्तु ।

> यस संसारमा वैरभावले वैरभाव कहिल्यै शमन हुँदैन । सच्चा मैत्री प्रेम अथवा अवैरभावले मात्र त्यो शमन हुन्छ । यही नै पहिले देखिको सनातन धर्म हो ।

Wondershare PDFelement

# संभक्ना भिक्षु सुभद्रको, सन्दर्भ प्राण र प्राणायामको

- भूपनिधि पन्त

पोखरा भैरवटोलको भैषज्य सदनको बाहिरी पेटीमा सफेद कापाय वस्त्रधारी एकजना शान्त प्रकृतिका वयोवृद्ध भिक्षुलाई मैले आठ दश वर्ष अगाडि देखेको थिएँ । उनीसँग मेरो परिचय थिएन । जिज्ञासाको क्रममा किञ्जल्कले भने- "उहाँको परिचय भिक्षु सुभद्र हो । उहाँ ब्राम्हण परिवारबाट हिन्दूधर्म त्याग गरेर जीवनको उत्तरार्धमा बौद्ध धर्ममा प्रवेश गर्नु भएको हो। उहांको घर यही जिल्लाको उत्तरी भाग घाचोकमा पर्दछ । हाल उहाँ यहीं नदीपुरको धर्मशीला बुद्ध बिहारमा बस्ने गर्नुहुन्छ । भ्रमणको सिलसिलामा यदाकदा उहाँ यहाँसम्म आउनु हुन्छ र यही विश्राम गरेर फर्कनु हुन्छ। कसैसँग उहाँ कुनै प्रकारको आशा राख्नु हुन्न ।" भिक्षु सुभद्रको पहिलो परिचय यसरी किञ्जल्कवाट मैले पाएको थिएँ ।

भिक्षु सुभद्रसँग कुरा गर्ने सिलसिलामा मैले सोधें -"तपाई हिन्दूधर्मवाट वौद्ध धर्ममा प्रवेश गर्नुको पछाडि केही कारण छ कि ?" भिक्षु सुभद्रले भने -"खास त्यस्तो कारण त केही छैन। म तीर्थाटन गर्ने सिलसिलामा भारतका विभिन्न तीर्थमा धेरै पटक यात्रा गरें। बद्रीनाथ धाममा पनि म धेरै पटक पुगेको थिएँ । तर कुनै तीर्थवाट मैले शान्तिको अनुभव गर्न सकिन । यस्तै तीर्थाटनको सिलसिलामा जब म बौद्धगया पुगेको थिएँ, त्यहाँ मैले अपार शान्तिको अनुभव गरें । अनि मलाई बौद्ध धर्ममा प्रवेश गर्ने इच्छा लाग्यो र बौद्ध धर्ममा प्रवेश गरेको हुँ । यस धर्ममा प्रवेश गरेपछि मलाई शान्तिको अनुभव भएको छ ।" भिक्षु सुभद्रसँग मैले अर्को प्रश्न राखें- "अरु कुनै साधना पनि गर्नु हुन्छ कि ?" उनले भने -"अँहँ त्यस्तो साधना त केही गरेको छैन । आखिर जान्नुपर्ने यही श्वास प्रश्वास त रहेछ । यसैमा ध्यान दिने गरेको छु। वस यत्ति नै हो।"

त्यस बखत भिक्षु सुभद्रले भनेको श्वास प्रश्वासको महत्व मैले बुझ्न सकेको थिइन । ब्रतबन्धमा गायत्री मन्त्र दान गर्दा र पछि दीक्षामन्त्र ग्रहण गर्दा समेतका गुरुहरुले मलाई अनुलोम विलोमको प्राणायाम त गर्न सिकाएका थिए । तर मैले प्राणायामको खास महत्व बुझेको थिइन । समयको लामो अन्तरालमा त्यही प्राणायामको अभ्यास पनि टुटेको थियो । भारतीय योगी रामदेवले प्राणायाम र योगाभ्यासका वारेमा वृहत रुपमा अभ्यास गराएको प्रभाव टीभिको माध्यमवाट धेरै नेपालीहरुले समेत अनुभव गरेको हुंदा म पनि त्यसबाट अछुतो रहन सकेको थिइन । तर साधनाविनाको अभिरुचीको कुनै अर्थ थिएन । पोखरा मा पनि धेरै ठाउँमा प्राणायाम र योगाभ्यास साधनाका केन्द्रहरु छन् भन्ने पछि मलाई अवगत भयो । तर म त्यो साधना केन्द्रहरुमा जान सक्ने अवस्थामा थिइन । प्रसंगवश एक दिन तरुण तपसीले मलाई भने, "घरमै वसेर पनि प्राणायाम र योगाभ्यासको साधना गर्न सकिन्छ ।" अनि उनले केही प्राणायाम र योगाभ्यासको अभ्यास पनि गराए । त्यसपछि मैले यस सम्वन्धी किताबहरु तर्फ ध्यान दिन थालेको छु । अनि मलाई श्वास प्रश्वासको वारेमा केही ज्ञान प्राप्त भएको छ । "आखिर जान्नुपर्ने यही श्वास प्रश्वास त रहेछ" भन्ने भिक्षु सुभद्रको वाक्यले आजकल मलाई घच्घच्याउन थालेको छ ।

प्राण तत्वको उत्पत्ति नाभिस्थानबाट उठी श्वास प्रश्वासका रुपमा निरन्तर चलिरहने रहेछ । यसको चलाई कार्य प्रति मिनेट १५ हुने र एक घंटामा ९०० का दरले २४ घंटामा २१६०० पटक श्वासकृया हुने वताइएको छ । यही प्रकृयाले एक वर्ष (३६५ दिन) मा एउटा स्वस्थ मानिसले ७८,८४,४००० पटक श्वास प्रश्वास गर्ने रहेछ । प्राणको यस्तो वहिर्गमन कृयालाई "रेचक", अन्तर्गमन कृयालाई "पुरक", र "पैवेश" र निष्काशनको वीच रोकिने कृयालाई "कुम्भक" नाम दिइएको छ । प्राणवायु शरीरमा प्रविष्ट हुनु भनेको "श्वास" र त्यो वायु वाहिर निस्कने प्रकृयालाई "प्रश्वास" भन्ने गर्दछन् र शरीरमा रहेको आफ्नो

जीवनी शक्तिलाई वसमा ल्याउनु भनेको नै "प्राणायाम" हो । रेचक, पुरक, र कुम्भक बाहेक अर्को चौथो प्रकार को प्राणायाम पनि पातञ्जल योग दर्शनमा बताइएको छ । यो प्राणायाम आन्तरिक हुन्छ । उक्त तीन प्रकार का प्राणायाम भन्दा भिन्न यो प्राणायाम माथिल्लोस्तर को मानिन्छ ।

सिद्धार्थ गौतमले आफू तपस्यामा जानु भन्दा अगाडि आलारकालम र उद्दक रामपुत्तबाट ध्यान मार्ग सिकेपछि मगध राज्यका ध्यानाचार्यहरुसँग सासलाई नियन्त्रण गरेर चित्तको एकाग्रता सम्पादन गर्न सिकेका थिए । यस बिधि अनुसार सास रोकेर चित्त एकाग्र गर्ने प्रयास गर्दा सिद्धार्थ गौतमको कानबाट तीव्र आवाज आउँथ्यो । साथै टाउको भित्र धारिलो हतियारले छेडेको जस्तो अनुभव बताइएको छ । गौतमले यसमा पनि अधिकार प्राप्त गरेर छाडे । यसरी गौतमले समाधि मार्ग पूरा गरेको पाइन्छ । प्राणायामका सम्बन्धमा भन्दा भगवान बुद्धको पूरा ध्यान चौथो प्रकारको प्राणायाममा केन्द्रित भएको थियो । बुद्धले अन्य तीन प्राणायामका बारेमा कुनै कुरा उठाएको पाइदैन । उहाँको विशेष जोड चौथोमा मात्र छ । बुद्ध यसलाई 'अनापानसति योग' भन्नुहुन्छ । बौद्ध ध्यान पूरा यही चौथो प्राणायाममा आधारित छ । यो चौथो प्राणायाम भनेको चेतनतत्व आफू केवल श्वास-प्रश्वासको साक्षी हुने कुरा हो । यो आंतरिक हुन्छ । महर्षि पतञ्जलिको अनुसार तीनथरी प्राणायाम- रेचक, पुरक, र कुम्भक भन्दा यो चौथो प्राणायाम बेग्लै किसिमको छ, सुगम छैन ।

प्राणायामको विशेषताको बारेमा पातञ्जल योगदर्शन बताउँछ - हामी भित्र बसेको विवेक ज्ञानलाई ढाकेर बसेको पर्दालाई प्राणायामको अभ्यासले क्षीण गराइदिन्छ । प्रकाशको लागि अझ तीन चरण बाँकी रहन्छ त्यो धारणा, ध्यान र समाधिद्वारा पूर्ण हुन्छ । महर्षि पञ्चशिखाचार्य प्राणायामका बारेमा भन्दछन् - प्राणायाम भन्दा ठूलो कुनै तप छैन । यसले मन भित्रको धुलो पखालिदिन्छ र ज्ञानको प्रकाश हुन्छ । अगाडिको मार्ग सरल हुन्छ । मनुले पनि प्राणायामको अभ्यासले इन्द्रियको मल दोष नष्ट भएर जान्छ भनेका छन । बुद्ध दर्शनमा मुक्तिमार्गलाई 'अष्टाङ्गिक मार्ग' भनिएको छ । । अष्टाङ्गिक मार्गमा आठौं तहको मार्ग 'सम्यक समाधि' हो । यसै अन्तर्गत शील, समाधि र प्रज्ञा पर्दछ । यसको निम्ति बुद्धदर्शन अनुसारको अनापानसति योग प्राणायाम आवश्यक पर्दछ ।

भिक्षु सुभद्रले यही २०६२ साल जेष्ठ ५ गते धर्मशीला बुद्ध बिहार, पोखरामा १०२ वर्षको उमेरमा निर्वाण प्राप्त गर्नुभयो । उहाँको त्यो दीर्घ जीवनको पछाडि श्वास-प्रश्वासले पनि महत्वपूर्ण भूमिका खेलेको हुनुपर्छ भन्ने मैले सोचेको छु । बुद्धदर्शनमा चौथो प्रकारको प्राणायाम अर्थात 'अनापानसति योग' लाई मात्र महत्व दिइएको हुँदा भिक्षु सुभद्र पनि त्यसैबाट दीक्षित भएको हुनुपर्छ । यो प्राणायाम भनेको साधना होइन केवल श्वास-प्रश्वासको साक्षी भएर आफूलाई भिन्न राख्ने प्रकृया हो । अष्टावक्र गीतामा यसै संग मिल्ने एउटा सूत्र छ ; अष्टावक्रजी भन्नुहुन्छ- "यदि तिमीले शरीरलाई आफूबाट अलग गरेर चैतन्यमा विश्राम गरी स्थित रह्यौ भने भर्खरै सुखी, शान्त र बन्धनमुक्त हुनेछौ ।" प्राणायामको अन्तिम सफलता आत्मदर्शन वा निर्वाण प्राप्त गर्नु हो । 'आखिर जान्नुपर्ने यही श्वास-प्रश्वास त रहेछ' भन्ने भिक्षु सुभद्रको वाक्य भित्र जीवनको महान रहस्य लुकेको रहेछ भन्ने कुरा म अहिले सम्झिरहेको छु । हाम्रो प्राण यही श्वास-प्रश्वासमा आधारित छ र जीवनको अन्त पनि श्वास-प्रश्वास कै गतिरोधबाट हुन्छ भन्ने कुराको ज्ञान हामीलाई भयो भने हामीले आफ्नो चेतनतत्वलाई बुझ्ने छौं र जीवन सार्थक हुनेछ ।


सन्दर्भ ग्रन्थ :-

पातञ्जल योगदर्शन- नरकान्त अधिकारी, नेपाली भाषामा साधारण टीका प्रकाशिका सावित्री उपाध्याय, काठमाडौं ।

भगवान बुद्ध र उहाँको धर्म- अनुवादक भक्तिरत्न शाक्य, प्रकाशक दायकसभा, धर्मशीला बुद्ध बिहार, पोखरा ।

तुलनात्मक धर्म दर्शन- या. मसीह, मोतिलाल बनारसी दास, वाराणसी

गोरखापत्रका एकसय एक निबन्ध- कविराज नरेन्द्रनाथ, गोरखापत्र संस्थान धर्मपथ, काठमाडौं ।

धर्मचक्षु बौद्ध मासिक पूर्णाङ्क ४०- प्रकाशक ज्ञानमाला संघ, धर्मशीला बुद्ध बिहार, पोखरा ।

# एड्स, हेपाटाइटीस बी र बुद्धधर्म

- वासुदेव गौडेल

एड्स र हेपाटाइटीस बी जस्ता रोगहरु दिन दुई गुना रात चौगुना फैलिदै जानुमा मानिसहरुमा नैतक शिक्षाको कमी, विलासी जीवन प्रतिको मोह, गरीबि, अशिक्षा, वेश्यावृत्ति, चेलीबेटी बेचबिखन, लागु पदार्थ दुर्व्यसनी, पर्यटन आदिलाई प्रमुख कारण मान्न सकिन्छ । आजका आधुनिक भनाउँदा मानिसहरुमा एकातिर मोजमस्ती र विलासीताका रुपमा यौनलाई लिने परिपाटी बन्दै आएको छ भने आर्कातिर विलासी जीवन व्यतित गर्नका लागि अर्थोपार्जनका निमित्त वेश्यावृत्ति र चेलीबेटी बेचविखनलाई पेशाका रुपमा अँगाल्ने परीपाटीले गर्दा एड्स र हेपाटाइटीस बी जस्ता रोगहरु महामारीका रुपमा विश्वभर फैलिरहेका छन् । प्राकृतिक स्रोतहरुको असमानुतिक वितरण र बढ्दो जनसंख्याले गर्दा गरीबी बढ्दै गइरहेको परिप्रेक्षमा दुइ छाक खानका लागि मानिसहरु वेश्यावृत्ति गर्न बाध्य भएका छन् । पर्यटन प्रवर्द्धनका लागि यौन पर्यटनको अवधारणा देखा परेको छ । जसको उदाहरणका रुपमा थाइल्याण्ड लाई लिन सकिन्छ । यौनलाई अर्थोपार्जनका रुपमा प्रयोग गर्ने परिपाटीले गर्दा पनि एड्स र हेपाटाइटीस बी जस्ता रोगहरु विश्वभर फैलिरहेको छ । वैज्ञानिक आविष्कारहरुले गर्दा विश्व साँघुरिदै गएको छ । एकदिनमै विश्वको एउटा कुनाको व्यक्ति अर्को कुनामा सजिलै पुग्न सक्ने हुँदा एड्स र हेपाटाइटीस बी जस्ता सरुवा रोगहरु एक व्यक्तिबाट अर्को व्यक्तिमा र एक राष्ट्रबाट अर्को राष्ट्रमा फैलिदै गएका छन् ।

एड्स र हेपाटाइटीस बी जस्ता प्राणघातक सरुवा गहरु असुरक्षित यौन सम्पर्क र एउटा व्यक्तिले प्रयोग को सूई अर्को व्यक्तिले प्रयोग गर्दा एक व्यक्ति अर्को व्यक्तिमा सर्ने गर्दछ । तसर्थ सुरक्षित रुपमा जना यौन साथी संग मात्र यौन सम्पर्क कायम गर्ने उटा व्यक्तिले प्रयोग गरेको सूइ अर्को व्यक्तिले नगर्ने हो भने यी रोगहरबाट बच्न सकिन्छ ।

नैतिक आचरणमा रहने व्यक्ति एड्स र हेपाटाइटीस बी बाट बच्न सक्दछन् ।

समाजलाई अनुशासित र मर्यादित बनाउनका लागि बुद्धधर्ममा साधारण गृहस्थ व्यक्तिहरुका लागि पञ्चशील, अष्टशील र दशशील लगायतका विनयहरुको व्यवस्था गरिएका छन् । बुद्धधर्ममा व्यवस्था गरिएका पञ्चशील हरेक व्यक्तिहरुले पालना गर्ने हो भने एड्स र हेपाटाइटीस बी जस्ता प्राणघातक सरुवा रोगबाट बच्न सकिन्छ । यी पाँचवटा विनयहरु यस प्रकार छन्- १. हिंसा नगर्नु २. चोरी नगर्नु ३. व्यभिचार नगर्नु (आफ्नो पति वा पत्नी बाहेक गैर सँग सहवास नगर्नु ) ४. झुटो नबोल्नु ५. जाँड रक्सी लगायतका लागु पदार्थ सेवन नगर्नु । पञ्चशीलको पालना गर्दा हुने फाइदाका वारेमा समेत बुद्धधर्ममा उल्लेख गरि एको छ । तसर्थ व्यभिचार नगरी आफ्नै पति वा पत्नी सँग एक आपसमा इमानदार रहन सकेमा यस्ता सरुवा रोगहरुबाट बच्न सकिन्छ । बुद्ध धर्ममा व्यभिचारलाई १० अकुशल कर्म मध्येको एउटा अकुशल कर्म मानिन्छ । कुशल कर्म गरेमा निर्वाण प्राप्त गर्ने मार्गमा पुग्न सकिन्छ भने अकुशल कर्म गरेमा जीवन र मरणको चक्रमा फसी दुगर्ती प्राप्त गरीने हुँदा व्यभिचार जस्ता अकुशल कर्म नगर्न मानिसलाई प्रोत्साहित गरिन्छ । बुद्ध दर्शनमा पति र पत्नीका कर्तव्यहरुको समेत उल्लेख गरिएको छ । पति प्रति पत्नीको कर्तव्य यस प्रकार छन् -१. राम्रो सँग कामकाज गरिदिनु २. कुटुम्ब र छर छिमेकसँग सुमधुर सम्वन्ध कायम राख्नु ३. पर पुरुष गमन नगर्नु ४. धन सम्पत्तिको रक्षा गर्नु ५. घरको काममा दक्ष हुनु । यस प्रकार बुद्ध धर्ममा स्त्रीहरुलाई पर पुरुष गमन गर्न बाट बन्चीत गरिएको छ । यस्तै पत्नी प्रति पतिको कर्तव्यहरु यसप्रकार छन्- १. पत्नीलाई सम्मान गर्नु २. अपमान नगर्नु ३. परस्त्री गमन नगर्नु ४. धनसम्पत्तिको जिम्मा दिनु ५. यथासक्य गहना वस्त्र दिनु ।

यसप्रकार पुरुषलाई पनि परस्त्री गमन गर्न वर्जित

गरिएको छ। बुद्ध धर्ममा सदाचारी पतिलाई देव सदाचारी पत्नीलाई देवी र दुराचारी पति र पत्नी दुवैलाई जीउँदो लास (मुर्दा) को संज्ञा दिई परपुरुष गमन र परस्त्री गमनलाई बर्जीत गरी सदाचारी जीवनयापन गर्न निर्देशित गरिएको छ। यस्तै धुम्रपान, मद्यपान र लागु औषधीको सेवनले व्यक्तिलाई गलत कार्य अर्थात अकुशल कार्य गर्न प्रोत्साहन गर्ने हुंदा धुम्रपान, मद्यपान र लागु औषधीको सेवनलाई पनि निषेध गरिएको छ। यस्तै बुद्धधर्ममा मदीरा लगायतका मद्यपान धुम्रपान र लागु औषध, हतियार एवं खरखजाना, वेश्यावृत्ति मनुष्यको वेचविखन एवं प्राणी वध गर्न प्रोत्साहन मिल्ने किसिमका कुनै पनि उद्योग एवं व्यवसाय गर्न मनाही गरिएको छ।

तसर्थ एड्स र हेपाटाइटीस वी लगायतका अन्य प्राणघातक सरुवा रोगहरुवाट वच्न नयाँ पिंढी का युवा युवतीहरुलाई बौद्ध दर्शन मुताबिकको नैतिक शिक्षा दिई उनीहरुको सामाजिक जीवनमा परिवर्तन ल्याउन सकिन्छ। वुद्धधर्मको अन्तिम लक्ष भनेको निर्वाण प्राप्त गर्नु हो। शील, प्रज्ञा र समाधीका माध्यमवाट निर्वाण प्राप्त गर्न सकिन्छ। शील विनय अर्थात नैतिक नियम एवं आचरणको पालना लाई निर्वाण प्राप्त गर्नका लागि पूर्व सर्तका रुपमा लिइन्छ। विद्यालय र विश्व विद्यालयका पाठ्यक्रमहरुमा बौद्ध दर्शनलाई समावेश गरेमा यस्ता दर्शनहरुको अध्ययन, मनन एवं चिन्तनवाट विद्यार्थी वर्गहरुलाई नैतिकवान र अनुशासित सदाचारी जीवनयापन गर्न र माथि उल्लेख गरिएका अकुशल पेशाहरुलाई नअंगाली असल पेशा अँगाल्न प्रोत्साहन गर्दछ भने विलासी जीवनका सट्टा मध्यम मार्गको अनुसरण गरी सादा जीवन जीउन मार्ग निर्देशन गर्दछ। मध्यम मार्गको अनुशरण गरी सदाचारी जीवनयापन गरेमा एड्स र हेपाटाइटीस जस्ता प्राणघातक रोगबाट निश्चय नै वच्न सकिन्छ।


बौद्धहरुको धैर्य, सहनशीलता र लगनशीलताका प्रतीक

**पोखराको विश्व शान्ति स्तूपमा**

२०६० कार्तिक १२ गते आयोजना हुने

**सातौं वार्षिक पूजा समारोह**

सफलतापूर्वक सुसम्पन्न होस्
यही हाम्रो मंगलमय शुभकामना छ



Almonda Cafe & Restaurant

Chipledhunga
Ph: 530176

# विश्व शान्तिस्तूप सम्बन्धी महत्वपूर्ण तिथि

जापान निप्पोनजान म्याहोजीका श्रद्धेय गुरु निशिदात्सु फुजी पोखरा आउनु भै अनागारिका धर्मशीला र भूपतूर्व उपमंत्री मीनबहादुर गुरुङ्गसँग कुराकानी छलफल भए पश्चात पुम्दी भुम्दी गाविसको अनदु मीन थुम्कीमा विश्वशान्ति स्तूप निर्माण गर्ने निर्णय गरिएको हो । पोखराको गौरवका रुपमा रहेको नेपालको पहिलो विश्व शान्तिस्तूप संबन्धी केही महत्वपूर्ण घटनाहरु यहाँ प्रस्तुत गरिएको छ ।

- २०३० सालमा पहिलो पटक विश्व शान्तिस्तूप निर्माण कार्य प्रारम्भ
- २०३० मंसिर १३ गते ललितपुरमा निर्मित भगवान बुद्धको जन्ममूर्ति स्थापना
- २०३० मंसिर २४ गते पोखरा फरेष्ट डिभिजन कार्यालयले वनको बीचमा मठ मन्दिर बनाएको, बिजुली लाइन लगेको वारे स्पष्टिकरण मागेको
- २०३१ बैशाख १० गते नगर योजनाले स्तूपको नक्शा पेश गरी स्विकृत दिन धेरै ताकेता गरेपछि नक्शा आदि सबै कागजात पेश गरेको
- २०३१ श्रावण ४ गते स्तूपका निर्माता मीनबहादुर गुरुङ्गलाई शान्ति सुरक्षा ऐन अन्तर्गत १८ महिना जेल हालेको ।
- २०३१ श्रावण १३ गते तात्कालीन अञ्चलाधिश शंकरराज पाठकको अध्यक्षतामा बसेको पोखरा नगर योजना कार्यान्वयन समितिको वैठकले स्वीकृति नलिई बनाएको आरोपमा विश्व शान्तिस्तूप भत्काउने निर्णय गरेको ।
- त्यसबेला निर्माण भैरहेको स्तूपको उचाई ३५ फीट पुगेको थियो । त्यहाँ एउटा प्रार्थना हल, भिक्षु बस्ने एउटा बिहार र अतिथि गृह निर्माण भैसकेको थियो ।
- एउटा स्मरणीय कुरा के छ भने त्यसबेला पोखरा नगर योजना कार्यान्वयन समितिको क्षेत्राधिकार भित्र पुम्दी भुम्दी परेको थिएन । गाउँ पञ्चायतमा घर आदि बनाउन स्वीकृत लिनुपर्ने प्राबधान पनि थिएन ।
- २०३१ श्रावण ३१ गते माननीय पूर्णमान शाक्य लगायतका केही माननीयहरुले राष्ट्रिय पंचायतमा सार्वजनिक महत्वको प्रश्न टेबुल गर्नु भएको
- २०३१ कार्तिक ४ गते स्तूपमा स्थापित बुद्ध मूर्ति माटेपानी गुम्बामा लगेर राखेको

- २०३१ साल कार्तिक ५ गते श्री ५ को सरकारले १२/१५ फीट उचाइको चैत्य निर्माण गर्ने स्वीकृति प्रदान गऱ्यो ।
- २०३१ कार्तिक २६ गते कृष्णवहादुर गुरुङ्गलाई शान्ति सुरक्षा अन्तर्गत ६ महिना जेल सजाय
- जेलमै रहनुभएका मीनवहादुर र पोखराका बौद्धहरुद्वारा त्यो स्वीकृति अनुसार चैत्य बनाउन इन्कार
- २०४२ मा श्रद्धेय गुरु निशिदात्सु फुजीको एकसय वर्षको उमेरमा देहावशान
- २०४३ साल कार्तिक २६ गते अनागारिका धर्मशीलाको देहावशान
- २०४४ सालमा अनागारिका धर्मशीलाको पहिलो पुण्य तिथिमा पोखरामा आयोजित महापरित्राण र बौद्ध सम्मेलनले विश्व शान्तिस्तूप पुनः निर्माण गर्ने निर्णय गरी भिक्षु सुदर्शन महास्थविरको अध्यक्षतामा एघार सदस्यीय राष्ट्रिय समिति गठन
- २०४७ सालमा तात्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले शान्ति स्तूपको क्षति भएको सम्वन्धमा विवरण पठाउन स्थानीय निकायलाई निर्देशन
- २०४८ श्रावण २९ गते तात्कालीन प्रधानमंत्री गिरिजाप्रसाद कोइरालाद्वारा स्तूप पुनः निर्माण गर्न दिने तोक आदेश
- २०४८ आश्विन ८ गते आवास भौतिक योजना मन्त्रालयले श्री ५ को सरकार (मन्त्री स्तरीय) बाट निर्णय गरी स्तूप निर्माण गर्ने स्वीकृत दिन पोखरा नगर योजना कार्यान्वयन समितिको कार्यालयलाई आदेश ।
- २०४९ भाद्र १८ गते पोखरा नगर योजना कार्यान्वयन समितिको वैठकले विश्व शान्तिस्तूप निर्माण गर्न निर्माण समितिको नाममा स्वीकृति प्रदान
- २०५० जेठ ८ मा तात्कालीन प्रधानमंत्री गिरिजाप्रसाद कोइरालाद्वारा विश्व शान्तिस्तूपको शिलान्यास
- २०५६ कार्तिक १३ गते भुतपूर्व प्रधानमंत्री तथा नेपाली काँग्रेसका सभापति गिरिजा प्रसाद कोइरालाको समुपस्थितिमा धार्मिक प्रतिष्ठा पूजा संपन्न ।
- २०५७ चैत्र १७ मा मीन बहादुर गुरुङ्गको ९६ वर्षको उमेरमा देहावशान
- २०५६ फागुन १९ गते विश्व शान्तिस्तूपमा आयोजित विशेष पूजामा तात्कालीन श्री ५ वीरेन्द्र र बडामहारानी ऐश्वर्यको समुपस्थितिका लागि विन्ती जाहेर- मौसमको प्रतिकुलताका कारण मौसुफहरुको सवारी हुन नसकेको ।

# हाम्रो प्रश्न पाठकको प्रतिक्रिया

(आज २०६२ साल कार्तिक १२ गते पुम्दी भुम्दी गाविस अनदु मीन थुम्कीमा निर्मित विश्व शान्तिस्तूपमा स्तूपको वार्षिक पूजा संपन्न हुन गैरहेको छ । स्तूप निर्माण भएको ____ वर्ष भएको छ । सो स्तूप बनेपछि वरपर स्थानीय क्षेत्रमा के कस्तो प्रभाव पर्‍यो भनेर हामीले स्थानीय वासिन्दा तथा त्यहाँ दर्शन अवलोकन गर्न जानेहरु सँग प्रश्न राखेका थियौं । हाम्रो प्रश्नमा उहाँहरुबाट आएको जवाफ प्रतिकृया के कस्तो रह्यो सो संकलन गरी यहाँ प्रस्तुत गरिएको छ ।-संपादक)

**टिकाप्रसाद गुरु**
भूतपूर्व अध्यक्ष
पुम्दी भुम्दी गाउँ विकास समिति

विश्वशान्ति स्तूप पोखराको गौरव हो । यस्तो ठूलो र महत्वपूर्ण स्मारक हाम्रो पुम्दी भुम्दी गाविसको अनदु मीन थुम्कीमा बन्नु हाम्रो लागि सौभाग्य हो । स्तूपको निर्माणले यो ठाउँ महत्वपूर्ण पर्यटकीय एवं धार्मिक क्षेत्र भएको छ । यसले यहाँको आर्थिक, सामाजिक एवं धार्मिक उत्थानमा सघाउ पुऱ्याएको छ । रोजगारीको संभावना बढाएको छ । यातायातको विकास भएको छ । यसले यहाँको जनजीवनमा सकारात्मक प्रभाव पारेको छ ।

**दुर्गा बहादुर श्रेष्ठ**
व्यापारी, छोरेपाटन

विश्व शान्तिस्तूप बनेको कारणले यो ठाउँको ख्याति फैलिएको छ । मानिसहरुको आवत जावत बढेको छ । तर छोरेपाटनबाट स्तूपमा जाने मोटर बाटो पूरा भएको छैन । त्यसले गर्दा जे जति आशा गरिएको हो त्यो भएको छैन ।

**नरनाथ घटाल**
प्रधानाध्यापक
शुक्रराज माध्यमिक विद्यालय, पुम्दी भुम्दी

विश्व शान्तिस्तूपले हामी सबैका लागि राम्रो गरेको छ । रोजगारिको प्रवर्द्धन गरेको छ । बाहिरकाहरु सँग सम्पर्क र सम्बन्ध बढेको छ । स्थानीय जनजीवनमा सकारात्मक प्रभाव पारेको छ । तर विश्व शान्तिस्तूप समिति र स्थानीय जनताको संयुक्त सहभागीताको सर्वथा अभाव छ । त्यो अभावलाई दुवै पक्षले के कसरी पूरा गर्ने हो, त्यो सोच्नु नितान्त आवश्यक छ ।

**सुमेध शाक्य, मान भवन**
ललितपुर

यो विश्व शान्तिस्तूप जापानको निप्पोनजान म्याहोजीद्वारा निर्मित नेपालको पहिलो शान्ति स्तूप हो । यो स्तूप पोखराको सर्वाधिक रमणीय स्थानमा अवस्थित छ । यो ठाउँ धार्मिक र पर्यटकीय दुवै दृष्टिले महत्वपूर्ण छ । यो महत्वलाई कायम राखी स्तूपको मर्मत, संभार संरक्षण पछि सम्म के कसरी गर्न सकिन्छ, त्यतातिर ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

**महाविर विश्वकर्मा**
अनदु

विश्व शान्तिस्तूपको स्थापनाले हामीलाई धेरै फाइदा भएको छ । यहाँका केही छात्र छात्राहरुले छात्रवृत्ति पनि पाएका छन् । पर्यटकहरु निकै आइरहेका छन् । तर यो रानीवनको बाटो स्तूप आउने पर्यटकहरु लुटिने घटनाले हामीलाई लज्जीत पारेको छ । यो रोक्ने उपाय गर्नु पर्छ ।

**मीरा महर्जन**
सामाजिक कार्यकर्ता, कीर्तिपुर

विश्व शान्तिस्तूप ज्यादै राम्रो र महत्वपूर्ण ठाउँमा छ । दर्शन गर्ने र अवलोकन गर्नेहरुको संख्या बढ्दो छ । तर नियमित धार्मिक अनुष्ठान भएको पाइएन । धार्मिक क्रियाकलाप बढाएर देशको यस्तो अवस्थामा शान्ति छर्ने कामतिर दृष्टि दिनु पर्छ कि ।

**राजेन्द्रराज घटाल**
कोदी, पुम्दी भूम्दी

विश्व शान्तिस्तूपले सकारात्मक प्रभाव पारेको छ । रोजगारी, पर्यटन र यातायातको दृष्टिले राम्रो भएको छ । तर विश्व शान्तिस्तूप परिवार र स्थानीय संघ

सस्थाबीच जे जति सम्पर्क र सम्बन्ध हुनुपर्ने हो, त्यो भएको छैन। स्तूपको गतिविधिमा स्थानीय सहभागीता गराउने प्रयास हुनु आवश्यक छ।

**मनोज घर्ती**
विद्यार्थी

बौद्धहरु आउंछन् र धुप बालेर पूजा गर्छन। पर्यटकहरु आउंछन् पोखराको दृश्यावलोकन् गर्दछन्। यो ठाउंको गुल्जार बढेको छ। ख्याति बढेको छ। धर्मको प्रचार भने त्यत्ति भएको छैन। स्तूप बनेकाले यातायातको विकास भने भएको छ।

**शान्ति सुवेदी**
विद्यार्थी, कोदी

हाम्रो गाउंमा यत्ति ठूलो कुरा बन्नु खुशीको कुरा हो। मानिसहरु आएको गएको देख्दछु। तर भित्र के कस्तो कार्यक्रम आदि हुन्छ, त्यो मलाई थाहा छैन। म एकपटक बाहेक त्यहां कुनै कार्यक्रममा सरिक भएकी छैन।

**उर्मिला शाक्य**
गृहणी, क्षेत्रपाटी काठमाण्डौं

मैले सुनेको भन्दा धेरै राम्रो पाएँ। यहाँ आउँदा खुशी लाग्यो। दृश्यावलोकनका लागि ज्यादै उपयुक्त थलो रहेछ यो, हामीले जापानीहरुलाई धन्यवाद दिनु पर्दछ। यो पर्यटकीय केन्द्र भए झैं धार्मिक केन्द्र बनाएर शान्तिको सन्देश फैलाउने गरेमा सुनमा सुगन्ध हुनेछ।

**वर्षा के.सी.**
त्रिभुवन विश्व विद्यालय, कीर्तपुर

धेरै बर्षको प्रयास पछि यस पटक आइपुगें। ज्यादै खुशी लागेको छ। बसेर हेरिरहुं जस्तो, कहिले नफर्कुं जस्तो, अपार शान्तिको अनुभव भयो, मलाई। पोखराको कति ठाउंमा यसलाई चिनीयाँ गुम्बा भन्दा रहेछन्। यहाँ आएर थाहा पाएँ, यो त जापानीहरुले बनाएको रहेछ। किन यस्तो भ्रम फैलियो म छक्क परेको छु।

**फुल प्रसाद घटाल,**
किसान, पुम्दी भूम्दी-१

यो स्तूपले हामीलाई धेरै फाइदा पुऱ्याएको छ। मेरो परिवारले करिब दश वर्ष सम्म यहीं काम गरे। हामीलाई काम खोज्न कहिं जानु परेन। फुर्सदको वेलामा रोजगारी पाउनु गाउँलेका लागि ठूलो कुरा हो। तर केही समय देखि शान्तिस्तूप आउने पर्यटक जंगलको बाटोमा लुटिने घटनाले हामीलाई पीर परेको छ।

**पूर्ण बहादुर गुरुङ**
(अपाङ्ग) अनदु, हाल रामबजार

शान्ति स्तूपले सकारात्मक प्रभाव पारेको छ। गरेर खानेलाई रोजगारीको संभावना बढाएको छ। यातायात यताउता खुलेको छ। अनेक थरिका मान्छे आउंछन्। रमाइलो भएको छ। म अपाङ्ग नहुंदा यहीं बसेर दिन बिताउँथे।

**उदय के.सी.**
खुद्रा ब्यापारी, कोदी

मैले धेरै वर्ष शान्ति स्तूपमा काम गरें। अहिले खुद्रा व्यापारी भएर बसेको छु। देशी विदेशीहरु आउँछन्। विभिन्न कुरा सुन्न पाइन्छ। रमाइलो भएको छ। शिष्टता, सभ्यता र सरसफाई के कसरी गर्नु पर्दछ भन्ने थाहा पाइएको छ। वनको बाटोमा पर्यटक लुटिने घटनाले नराम्रो लागेको छ। पर्यटन बोर्डको नक्सामा रानीवनको बाटो नदेखाएर शान्ति स्तूप जाने अरु बाटो देखाउनु आवश्यक छ।

**सुधीर पौडेल,**
शिक्षक, चितवन

हामीलाई एकछिन त स्वर्ग पुगेको जस्तो लाग्यो। तर यसलाई चिनीयां गुम्बा किन भनियो, त्यो बुझेनौं। चीन देशको त यहां नाम निशान नै रहेनछ। यो स्तूप जापानको निप्पोनजान म्याहोजीले बनाएको रहेछ।

यहाँ थाइल्याण्ड, श्रीलंका र नेपालीहरुले प्रदान गरेका मूर्तिहरु रहेछन् । यसको संरक्षण राम्ररी हुनु पर्दछ, बस् ।

**दिलीप पालिखे,**
गणेशटोल, पोखरा

हामी बराबर आइरहन्छौं । ठाउँ अति सुन्दर छ । यसले गाउँको मात्र होइन, पोखराकै नाम उच्च बनाएको छ र पर्यटक क्षेत्र थप गरेको छ । बाटो पीच भएमा यहाँ आउनेहरुको संख्या अरु बढ्ने छ ।

**लीलाधर घटाल,**
कोदी, पुम्दी भुम्दी

विश्व शान्तिस्तूप हाम्रो लागि त भाग्य नै भन्नु पर्दछ । यो बनाउन हामी नै लागेका हौं । आफ्नो घर दैलोमा आठ दश वर्षसम्म निरन्तर काम गर्न पाउनु भनेको काम गरी खाने श्रमेकिका लागि ठूलो अवसर हो । यसले गर्दा जग्गा जमीनको भाउ बढेको छ । बाटोघाटो खुलेको छ । रोजगार गरी खानेलाई अवसर प्राप्त भएको छ । ज्यादै सकारात्मक प्रभाव परेको छ ।

**प्रीतिका रसाइली**
राजनीतिक कार्यकर्ता, पर्वत

पोखरामा धेरै आएर पनि यहाँ आएको थिइन । पर्यटन कै लागि पोखरा आउने भए यो ठाउँ पुग्नै पर्ने रहेछ । सुटिङ्ग आदि पनि हुने रहेछ यहाँ । तर धर्मको कुरा बुझ्न खोज्दा यहाँ कही पनि पाइन मैले । यो एकपटक भत्काएर बनाएको भन्दा आश्चर्य लाग्यो । तर यसको खास कारण थाहा भएन ।

**युवराज घटाल**
पुम्दी भुम्दी-३

विश्व शान्तिस्तूप पाएर हामीलाई धेरै खुशी लागेको छ । यसले सकारात्मक प्रभाव पारेको छ । स्थानीय जनजीवनको स्तर बढाउन यसले प्रत्यक्ष र परोक्ष सघाउ पुऱ्याएको छ । यसैका कारणले बाटोघाटो छिटो खुलेका हुन् । यसै कारणले गाउँका केही विद्यार्थीले छात्रवृति पाएको कुरा पनि सुनेको छु । छात्रवृत्तिको संख्या बढ्दै जानु खुशीको कुरा हो ।

**कृष्णबहादुर खत्री,**
कोदी

विश्व शान्तिस्तूपले स्थानीय जनजीवनमा धेरै राम्रो प्रभाव पारेको छ । यो स्तूप हाम्रो मात्र होइन, पोखराकै गौरव हो । पर्यटकीय दृष्टिले यसको ठूलो महत्व छ । कुनै सुविधा नभएको ठाउँमा यसको निर्माण पछि विकासको घाट लाग्न थालेको छ । यो स्तूप कतिपयका लागि आय आर्जनको माध्यम नै भएको छ ।

**गोपाल भट्ट**
पुम्दी भुम्दी

विश्व शान्तिस्तूपले धेरै राम्रो प्रभाव पारेको छ । स्वदेशी विदेशी पर्यटकहरुको आवागमन बढेको छ । स्तूपले गर्दा अनदू मीन थुम्की पर्यटन केन्द्र बनेको छ । व्यक्तिगत रुपले मलाई केही नभए पनि गाउँको लागि यो ठूलो वरदान सावित भएको छ । स्तूप समितिले स्थानीय सहभागीतालाई महत्व दिएर लिने प्रयास गर्नु पर्दछ ।

> धर्महरुमा सम्पूर्ण मानसिक स्वभावमा मन नै अगुवा हुन्छ, तिनीहरु मनद्वारा बनाइएको हुन्छ । प्रदुष्ट मनले जे बोलेपनि जे गरे पनि त्यसबाट त्यस्ताको पछि पछि लागे दुःख मात्र आइरहन्छ । जसरी गाडा तान्ने गोरुको पछि पछि पांग्रा आइरहन्छ । त्यसैगरी शुद्ध र प्रसन्न मनले जे बोले पनि जे गरे पनि त्यसबाट त्यस्ताको पछि पछि छायाँले साथ नछोड्ने झैं गरी सधैं सुखले साथ दिइरहन्छ ।

# VIVEKANANDA THE BODHISTAVA

*Harischandra L. Singh*

India has produced a good deal of philosophers, thinkers and great men in various fields. It is because of the rich cultural heritage of India that Indian civilization and culture is a source of inspiration to all thinking population of the world. The Buddha and Buddhism had contributed a lot in the making of that glorious heritage.

The greatness of Swami Vivekananda has seen well-mentioned by pointing out to his contribution to national awakening, spreading the message of Vedanta to the mankind, revitalization of Hinduism and to Indian philosophy. But, his knowledge of Buddhism and his attachment to the Buddha has been mentioned very little, I have not read very much about Vivekananda including his own writings. But, whatever I read gives me the impression that he was a Boddhisattva. He abandoned, or suspended, his own Nervana, for the liberation of mankind, out of compassion. Swami Vivekananda's philosophy was greatly influenced by the Buddha's scientific reasoning, non-attachment to worldly things, sense of duty and responsibility towards the society. Swami Vivekananda was especially influenced by the Buddha's emphasis on Karmayoga. He wrote,

The Buddha is the only prophet who said,
"I do not care to know your various theories
about God. What is the use of discussing all
the subtle doctrines about the soul ?
Do good and be good. And this will take you
to freedom and to whatever truth there is ......

This great philosopher, preaching the highest
philosophy, yet has the deepest sympathy for
the lowest animals. He is ideal Karmayogi, acting
entirely without motive.

Swami Vivekananda was one of the great thinkers of India who knew and wrote much about Buddhism. He admired the Buddha's radical and revolutionary views about not believing on anything without proof and analysis. He considered the Buddha as "a lion amongst men". Swami Vivekananda himself we also regarded as a lion amongst men. There is something common between these two intellectual giants. Both were practical thinkers and yet both were visionaries to some degrees. It is quite exciting to me to note that Boudhagaya, the place where the Buddha attained supreme Enightenment, was the first and last place of his pilgrimage. The Swami had visited Boudhgaya during the discipleship under his great master Sri Ramkrishna Paramhansa. And on January 29, 1902, which was aso his 39th birthday the Swami revisited it. This shows his deep attachment to the Buddha. The Swami had an extraordinary vision in which he saw the figure of a monk. He wrote,

I saw the extraordinary figure of a monk appear suddenly - from where I do not know stand before me at a little distance, filing the room with a Divine

effulgence. He was in ochre cloth with Kamandalu in his hand. His face bore such a calm and serene expression of inwardness born of indifference to all things that I was amazed and fet drawn towards him. He walked towards me with sow steps and eyes steadfastly fixed on me as if he wanted to say something. But I was seized with fear and could not keep quiet. I got up from my seat, opened the door and waked out of the room with rapid steps. "but he returned to the room very soon after his mind was collected and courage restored, but the figure was not to be seen. He surmised that the form he saw must have been that of Lord Buddha.[2]

The above lines expressed by the Swami himself reflect quite remarkably his deep attachment to the Buddha. His writings in the form of essays and lectures and addresses delivered in international gatherings bear a testimony to his vast knowledge of the ideas and spirit of Buddhism and the impact the splendid personality of the Buddha had in his mind.

The Swami wrote,

"I would like to see moral men like Gautam Buddha, who did not believe in a personal god or a personal soul, never asked about them but was a perfect agnostic, and yet was ready to ay down his life for anyone, and worked a his life for the good of al and thought only of the good of all.[3]

Swami Vivekananda lived up to 40 years, lived the life of a celibate simply for the search for truth and for the liberation of man kind, remaining unfurled by the successes and showers of praise. He was known for his indomitable courage, spotless character, strong sense of patriotism and great compassion for the weak and the downtrodden. He openly challenged the Hindu idea of deities and practices like image worship......

He did not accept the concept of the Guru, (Ramakrishna Paramhansa) which he looked upon as a slavish subjection to another infallible human being like oneself. The absolute need for renunciation and the indispensability of meditation for spiritual growth brought the Swami and The Enlightened Sri Ramakrishna Paramhansa intimately closer to each other. His address to the Parliament of Religions held in Chicago in 1893 made him an international figure, even though the Christian and other zealots tried to portray him as a more upstart or a sexual pervert. The way he lived and the words he spoke is very much Buddhistic in spirit. I am quoting his lines from his lecture delivered in London in 1896, to allow the readers to judge if I am right.

"Be free; hope for nothing from anyone. I am sure, if you look back upon your lives, you will find that you were always vainly trying to get help form others which never came. All the help that has come was from within yourselves. You only had the fruits of what you yourselves worked for, and yet you were strangely hoping all the time for help."

References:-

1. Vivekananda, 1896. Practical Vedanta. Calcutta: Advaita Ashrama. Rep. 1987.
2. Tapasyananda, Swami, 1988. Swami Vivekananda: His life and Legacy. Madras Sri Ramakrishna Math.
3. Extracted from Modern interpretation of Buddhism written by Harischandra L. Singh in 1994.
4. Vivekananda, Swami, 1896........(1)

## तानसेनमा बौद्ध कृयाकलाप

पाल्पा,

करुणा बौद्ध संघको नवौं वार्षिकोत्सव एवं आचार्य भिक्षु अमृतानन्द महास्थविरको १५ औं स्मृति दिवस गत भाद्र ५ गते भव्य रुपमा सुसम्पन्न भएको छ ।

करुणा बौद्ध संघको अध्यक्ष श्री छत्रराज शाक्यको अध्यक्षतामा भएको सो धार्मिक कार्यक्रममा विहान ज्ञानमाला भजन, पंचशील ग्रहण र बुद्ध पूजा पछि प्रमुख अतिथि भिक्षु विमलानन्द महास्थविरज्यूले भगवान बुद्धको प्रतिमामा पुष्प अर्पण पछि पानसमा दीप प्रज्वलन गरि कार्यक्रमको समुद्‌घाटन गर्नु भएको थियो । यसको साथै प्रमुख अतिथि र अध्यक्षवाट बुद्ध विहार प्राङ्गणमा गत साल स्थापित आचार्य भिक्षु अमृतानन्दको अर्द्धकदको सालिकमा दीप प्रज्वलन एवं पुष्प अर्पण गरी श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

लुम्बिनी राजकीय बुद्ध विहारमा गत ३३ वर्ष देखि वस्दै आउनु भएका भिक्षु विमलानन्द महस्थविरलाई नेपालमा बुद्ध धर्मको प्रचार प्रसार एवं विकासमा महत्वपूर्ण योगदान दिनु भएकोले अध्यक्ष क्षत्रराज शाक्यले बुद्ध मूर्ति सहित ससम्मान अभिनन्दन पत्र चढाउनु भयो । उपाध्यक्ष विश्वमान बज्राचार्यले चीवर दान गर्नुको साथै पदाधिकारी एवं सदस्यहरुले १० जना भिक्षु एवं अनागारिकाहरुलाई वस्तु दान प्रदान गरेका थिए ।

करुणा बौद्ध संघले आनन्द विहार भवन निर्माण एवं संरक्षणको लागि आगामी ३ वर्षसम्म ५/५ हजार का दरले आर्थिक सहयोग प्रदान गर्ने घोषणा गर्दै अध्यक्ष शाक्यले यो साल रु ५०००/- ज्ञानमाला संघको उपाध्यक्ष राजेन्द्रमुनि शाक्य लाई प्रदान गर्नु भयो । करुणा बौद्ध संघबाट स्थापित "करुणा बौद्ध छात्रवृत्ति" रु. १०००/- र मुदिता छात्रवृत्ति रु. १०००/- क्रमश: श्रीनगर इन्टिग्रेड कलेजका विज्ञान र व्यवस्थापन तर्फ कक्षा ११ मा सर्वोत्तम अंक ल्याउने छात्र छात्रालाई प्रदान गर्ने घोषणा गरिएको थियो ।

आचार्य अमृतानन्द महास्थविरको संक्षिप्त जीवन र योगदान वारे अध्यक्ष छत्रराज शाक्यले प्रकाश पार्नुको साथै उपाध्यक्ष विश्वमान बज्राचार्यले स्वगत भाषण, सचिव मदनलाल बज्राचार्यले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष वीरेन्द्र काजी शाक्यले आय व्यय प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

प्रमुख अतिथि भिक्षु विमलानन्द महास्थविर, अन्तर ाष्ट्रिय परियत्ति उदय बुद्ध विहारका प्रमुख भिक्षु जटिल, धर्मोदय सभा पाल्पाका अध्यक्ष चितियालाल वज्राचार्य, ज्ञानमाला संघ आनन्द विहारका उपाध्यक्ष राजेन्द्रमुनि शाक्य र बौद्ध महिला आजिवन दायक समितिका अध्यक्ष सुश्री सुमना शाक्यले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । धन्यवाद ज्ञापन सहसचिव संजय राज शाक्य र कार्यक्रम संचालन सचिव मदनलाल वज्राचार्यले गर्नु भएको थियो ।

## धर्म गर्नु भनेको उकालो चढ्नु हो

पोखरा / भिक्षु सुशीलले पोखराको विश्व शान्तिस्तूपमा आएर वर्षावास वस्नु भएको उपलक्ष्यमा वर्षावास पूरा भएको दिन आश्विन ३१ गते पूर्णिमाका दिन ज्ञानमाला संघको आयोजनामा एक कार्यक्रम भएको थियो । कार्यक्रममा उहाँले पोखराको यस रमणीय स्थानमा आएर वर्षवास बस्न पाएकोमा आफूलाई रमाइलो मात्र लागेको होइन, साधनाद्वारा चित्त शान्त भएको जुन उपलब्धिको अनुभुति भयो, त्यो शब्दमा वर्णन गर्न सकिदैन भन्नु भयो ।

भिक्षु सुशीलले धर्मको व्याख्या गर्दै धर्म गर्नु भनेको यस्तै डाँडाको उकालो चढ्नु जस्तै हो । उकालो चढ्न निश्चय नै गाह्रो हुन्छ । कोही उकालो चढ्न नै चाहँदैन । कोही वीचैमा आफ्नो अभियान परित्याग गर्दछन् । जसले उकालो चढेर माथि आउँछन्, उनीहरले अपार शान्तिको स्वाद चाख्छन् भन्नुभयो ।

सभाको शुरुमा विश्व शान्तिस्तूप समितिका सदस्य प्रकाशमान गुभाजूले स्तूप समितिको गतिविधि माथि चर्चा गर्दै यस ठाउंमा भिक्षु सुशील आएर वर्षावास वस्नु भएको मा खुशी व्यक्त गर्नु भयो र उपस्थित सबैलाई हार्दिक स्वागत गर्नु भयो ।

विश्व शान्तिस्तूप समिति जापानका ओमीले आफ्नो

देशमा सरकार, संघ संस्था तथा कंपनी आदि पनि वुद्धधर्मको सिद्धान्त अनुसार संचालन भएको जानकारी दिनु भयो । उहाँले जापानले उन्नति गरेको वुद्धधर्मले गर्दा हो भन्नु भयो ।

ज्ञानमाला संघको सभापति गोविन्द ताम्राकारले संक्षिप्तमा वर्षावास को महत्व माथि प्रकाश पार्नु भयो र यो समारोहको आयोजना गर्न पाएकोमा सन्तोष लागेको वताउनु भयो । सभाको संचालन संघका सचिव उत्तममान वुद्धाचार्यले गर्नु भएको थियो ।

## शान्तिको लागि कांग्यूर पाठ

पोखरा / विश्वमा घटिरहेका हत्या, हिंसा र आतंकको अन्त्य भई विश्वमा शान्ति स्थापना होस् वर्तमान असजिलो परिस्थिति अन्त्य भई दिगो शान्ति स्थापना होस् भन्ने कामनाको साथै महान चाड वडा दशैं को अवसरमा देशका विभिन्न मठ मन्दिरमा बलि चढाइएका असहाय प्राणीहरुको उद्धार र मुक्तिको कामना गर्दै सम्पूर्ण मानव समुदायमा सुख, शान्ति र समृद्धिका लागि वौद्ध अर्घौं सदन पोखराले २०६२ असोज १७ गते शुभारम्भ गरी असोज २६ गते विजया दशमीको दिन समापन हुने गरी वौद्ध धर्मको पवित्र धार्मिक ग्रन्थ कांग्युर को पाठ विधिपूर्वक संपन्न गरियो ।

भगवान वुद्धको उपदेशहरु, वुद्ध वचनहरु र प्राणी मात्रको कल्याणका लागि सदाचार सद्मार्ग वोध गराउने वुद्ध धर्मको ग्रन्थ कांग्युर ६९ जना लामा गुरुहरुले पाठ गर्नु भएको थियो । हजारौं वौद्ध धर्मावलम्वीहरु पूजा पाठमा संलग्न भएका थिए भने असोज २४ र २५ गतेका दिनमा वुद्ध धर्मको महान ग्रन्थ कांग्युर को विशेषता, वुद्ध उपदेशहरु सम्वन्धमा कुट्स्यु लामा श्री गुप्ती गुरुङ्गवाट भएको प्रवचन कार्यक्रममा वौद्ध धर्मावलम्वी भक्तजनहरुले वुद्धज्ञान प्राप्त गरेका थिए ।


# शुभकामना

**विश्व शान्ति स्तूप अनदुको स्थापना दिवसको उपलक्ष्यमा विश्वमा शान्ति छाइरहोस्, बौद्ध उपदेशहरु विश्वभर फैलियोस् र यस संस्थाको उत्तरोत्तर प्रगति होस् भन्ने कामना गर्दछौं ।**



**बौद्ध अर्घौं सदन**
गौतम बुद्ध मार्ग, रामघाट-१०
पोखरा